**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

# स्थानीय राजपत्र

| खण्ड ८ | संख्या २ | मितिः २०८१।०२।०७ |
|---|---|---|

## भाग-२
## जनकपुरधाम उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## जनकपुरधाम, धनुषा
## मधेश प्रदेश, नेपाल

### जनकपुरधाम उप-महानगरपालिकाको
### राजस्व सुधार योजना निर्माण प्रारुप कार्यविधि, २०८१

**प्रस्तावनाः–**नेपालको संविधानको धारा ६० ले स्थानीय तहहरूलाई आफ्नो आर्थिक अधिकारक्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने अधिकार दिएको छ। तर साझा सूचीभित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेको विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने भनिएको छ। संविधानको धारा २२८ मा कानून बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन वा उठाउन नसिकिने व्यवस्था गरी स्थानीय सभाबाट कानून निर्माण गरेर मात्र राजस्व परिचालन गर्न सकिने व्यवस्था गरिएको छ। संविधानको अनुसूची-८ मा सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर

## अनुसूची २
**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर र मालपोत सङ्कलनलाई स्थानीय तहको अधिकार सूचीमा समावेश गरिएको छ। यी मध्ये घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन करलाई अनुसूची-६ मा प्रदेशको अधिकारको सूचीमा समावेश गरिएको छ।

*तालिका 1*

*संविधान बमोजिम स्थानीय तहको एकल तथा साझा कर तथा गैर कर अधिकारको सूची*

| एकल अधिकार | साझा अधिकार |
|---|---|
| सम्पत्ती कर, घर बहाल कर, सेवा शुल्क दस्तुर, भूमिकर (मालपोत), दन्ड जरिवाना, पर्यटन शुल्क | विज्ञापन कर, मनोरञ्जन कर, घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर |

## परिच्छेद - १

**स्थानीय आय सम्बन्धी परिचय :-** प्रदेश र स्थानीय दुबैको अधिकार सूचीमा रहेको घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन करको प्रशासनलाई अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ ले एकल कर प्रशासनको व्यवस्था गरी मनोरञ्जन कर र घर जग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र स्थानीय तहले उठाउने, विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने र सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने व्यवस्था गरेको छ। यसरी कर लगाउँदा कर उठाउनेले ६० प्रतिशत राखी बाँकि ४० प्रतिशत अर्को तहलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था समेत गरिएको छ।तर प्रदेशको लगाउने र उठाउने सवारी साधन करको स्थानीय तहमा गरिने ४० प्रतिशत हिस्साको बाँडफाँटको आधार र ढाँचा भने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गर्ने गर्दछ। टाँगा, रिक्सा, अटो रिक्सा र विद्युतीय रिक्सा जस्ता साना सवारी साधनको करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने यस्तो रकम प्रदेशलाई बाँडफाँट गर्नु नपर्ने व्यवस्था रहेको छ। घर जग्गा रजिष्ट्रेशन शुल्कमा भने हाल मालपोत कार्यालयहरूले सो रकम उठाउने गरेकाले सो कार्यालयबाटै सो रकम प्रदेश तथा स्थानीय तहमा वितरण गरेको छ । यस सम्बन्धी कानुन भने प्रदेश सरकारले बनाउने गरेको छ।

*तालिका २*

*प्रदेश तथा स्थानीय तहको साझा अधिकारका करको व्यवस्थापन*

| कर | दरको निर्धारण र नीति नियम निर्माण | कर उठाउने | करको बाँडफाँट (प्रतिशत) | |
|---|---|---|---|---|
| | | | प्रदेश | स्थानीय तह |

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

| | | | | |
|---|---|---|---|---|
| घर जग्गा रजिस्ट्रेसन शुल्क | प्रदेश सरकार | सम्बन्धित स्थानीय तह | ४० | ६० |
| मनोरञ्जन कर | प्रदेश सरकार | सम्बन्धित स्थानीय तह | ४० | ६० |
| विज्ञापन कर | सम्बन्धित स्थानीय तह | सम्बन्धित स्थानीय तह | ४० | ६० |
| सवारी साधन कर | प्रदेश सरकार | प्रदेश सरकार | ६० | ४० |
| १) स्थानीय तहहरूले प्राप्त गर्ने सवारी साधन करको बाँडफाँट राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा हुने गर्दछ।<br>२) टाँगा, रिक्सा, अटो रिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर पालिकाले लगाउने र उठाउने गर्दछन्। यो कर भने प्रदेशलाई बाँडफाँट गर्नु पर्दैन। | | | | |

१) साझा अधिकारको सूचीमा परेको विषयमा कर बाँडफाँट गर्दा प्रदेश सरकारले सवारी साधन करको रकम मासिक रूपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नु पर्ने र स्थानीय तहले प्रदेशलाई उपलब्ध गराउनु पर्ने विज्ञापन कर, मनोरञ्जन कर र घर जग्गा रजिष्ट्रेशन शुल्क वापतको ४० प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था रहेको छ।

२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा स्थानीय तहले उठाउन पाउने आन्तरिक आयको स्रोतको थप सूचीहरू स्पष्ट गरेको छ। यस प्रावधान अनुसार स्थानीय तहले संविधानमा उल्लेख गरिएको करको अतिरिक्त बहाल विटौरी शुल्क, पार्किङ्ग शुल्क, जडीबटी कर, कवाडी कर, जीवजन्तु कर, स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको बिक्रि, आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री, सामुदायिक वनको वन पैदावारको बिक्री वापतको १० प्रतिशत रकम आदिबाट समेत आन्तरिक आय परिचालन गर्ने अधिकार दिएको छ। स्थानीय तहले आफुले प्रदान गरेको सेवामा शुल्क वा दस्तुर समेत उठाउने गर्दछन्। स्थानीय तहका एकल अधिकार अन्तरगतका स्थानीय आयको विवरण **अनुसूची - १** मा उल्लेख गरिएको छ।

३) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(२) ले गाउँपालिका तथा नगरपालिकाहरूलाई उनीहरूले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपलब्ध गराएबापत सम्बन्धित सेवा प्रदायक वा सेवाग्राहीलाई सेवा शुल्क लगाउने अधिकार प्रदान गरेको छ। यस्तो सेवा शुल्क उठाउने कार्य गाउँपालिका वा नगरपालिकाले आफैं गर्न वा व्यवस्थापन करार वा निजी क्षेत्र मार्फत गराउन सकिने व्यवस्था यस ऐनमा उल्लेख गरिएको छ।

(क) अचल सम्पत्ती वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा
(ख) खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा
(ग) फोहोरमैला व्यवस्थापन, सरसफाइ, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा
(घ) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेस्ट हाउस, पर्यटकीय स्थल, छात्रावास (होस्टेल), हाट बजार, पशुबधशाला, शवदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा
(ङ) सडक, बसपार्क, ढल, पुल, बत्ती जस्ता सेवा
(च) सिफारिस सम्बन्धी सेवा

४) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(२) ले गाउँपालिका तथा नगरपालिकाहरूलाई आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका केवलकार, क्याकिङ्ग, वन्जि जम्पिङ्ग, र्‍याफ्टिङ्ग, ट्रेकिङ्ग, क्यानोनिङ्ग, जिपफ्लायर र प्याराग्लाइडिङ्ग सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने अधिकार दिएको छ। तर अर्को गाउँपालिका वा नगरपालिकाको सीमा नदी वा एक भन्दा बढी गाउँपालिका वा नगरपालिकालाई समेटेर सञ्चालन हुने सेवा वा व्यवसायमा शुल्क लगाउँदा सम्बन्धित गाउँपालिका वा नगरपालिकासँग समन्वय गर्नु पर्ने व्यवस्था उक्त ऐनले गरेको छ।

५) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६३ मा गाउँपालिका तथा नगरपालिकाले प्रचलित कानून बमोजिम कूटनीतिक नियोग वा कूटनीतिज्ञलाई कर नलाग्ने विषयमा कर लगाउन सक्ने छैन भनी उल्लेख गरिएको छ। साथै गाउँपालिका तथा नगरपालिकाले वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाका लागि नेपाल सरकार, प्रदेश सरकार, विश्वविद्यालय, सरकारी अस्पताल, सरकारी स्वामित्वका प्रतिष्ठान वा विकास समितिद्वारा विदेशबाट पैठारी भएका मालसामानमा कुनै पनि किसिमको कर शुल्क वा दस्तुर लगाउन नपाउने व्यवस्था समेत यस दफामा गरिएको छ।

# परिच्छेद - २

# राजस्व सुधार योजनाको परिचय

## १. राजस्व सुधार सम्बन्धी कानूनी व्यवस्था

१) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा दफा १८ मा प्रदेश तथा स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय-व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण प्रत्येक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेश गर्नु पर्ने प्रावधान राखिएको छ। यस्तो विवरणमा अन्य

विषयका अतिरिक्त आफ्नो स्रोतबाट सङ्कलन हुन सक्ने अनुमानित रकम समेत समावेश गर्नु पर्दछ। यसै ऐनको दफा १९ मा स्थानीय तहले कर वा गैर कर राजस्वको प्रस्ताव गर्दा वा भैरहेको कर वा गैर कर राजस्वमा परिवर्तन गर्नु पर्दा त्यसको आवयश्यकता, औचित्य तथा त्यसबाट पर्ने प्रभाव समेत उल्लेख गरी प्रस्ताव तयार गर्नु पर्ने लेखिएको छ । यसै ऐनको दफा २१ मा गाउँपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको दश गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगरसभामा पेश गर्नै पर्ने अनिवार्य व्यवस्था गरिएको छ। यसै ऐनको दफा २२(४) मा स्थानीय तहले राजस्व र व्ययको अनुमान पेश गर्दा अघिल्लो आर्थिक वर्षमा गरिएको राजस्वको अनुमान र राजस्व सङ्कलन हुन नसकेको वा खर्चको लागि छुट्याइएको रकम लक्ष्य अनुसार खर्च हुन नसकेकोमा त्यसको कारण र त्यसको लागि गरिने सुधारका उपायको विवरण संलग्न गर्नु पर्ने उल्लेख गरिएको छ।

२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा गाउँपालिकाका उपाध्यक्ष वा नगरपालिकाका उपप्रमुखको संयोजकत्वमा रहेको स्थानीय राजस्व परामर्श समितिलाई राजस्व सुधारका लागि आवश्यक परामर्श दिने; कर राजस्व, गैर कर राजस्व सेवा शूल्क, दस्तुर, आदिको दर सम्बन्धमा परामर्श दिने; राजस्वको दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने; राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा संशोधन, परिमार्जन र सोको परिपालन सम्बन्धमा आवयश्यक परामर्श प्रदान गर्ने र स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सृजनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा परामर्श दिने जिम्मेवारी रहको छ। राजस्व सुधारको योजना निर्माणको प्राविधिक जिम्मेवारी यसै समितिमा रहेको छ। यसै ऐनको दफा ६६ मा रहेको गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखको संयोजकत्वमा रहेको स्रोत अनुमान र बजेट सीमा निर्धारण समितिलाई गाउँपालिका वा नगरपालिकमा प्राप्त हुने आन्तरिक आयको प्रक्षेपण गर्ने जिम्मेवारी दिइएको छ।

३) स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ को बुँदा नं ४.३.४ मा गाउँपालिका वा नगरपालिकको संस्थागत सुशासनको एक सूचकमा राजस्व अनुमानको ९० प्रतिशत भन्दा बढी राजस्व सङ्कलन भएको विषय समावेश गरिएको छ। स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांङ्कन कार्यविधि, २०७७ मा राजस्व व्यवस्थापन सम्बन्धी १७ वटा सूचक रहेका छन्। यसमा गाउँपालिका वा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र रहेका आन्तरिक स्रोतको दर र दायरा बढाउन प्रमुख करको नक्साङ्कन समेत गरी राजस्व प्रक्षेपण गरेको, कुल बजेटमा आन्तरिक आयको हिस्सा २० प्रतिशत भन्दा बढी रहेको, गत आर्थिक वर्षमा सो भन्दा अघिल्लो आर्थिक वर्षको तुलनामा कम्तिमा १० प्रतिशतले आन्तरिक आय बृद्धि भएको, करदाताको सङ्ख्या समेत हरेक वर्ष कम्तिमा १० प्रतिशतले वृद्धि भएको जस्ता राजस्व सुधारका सूचकहरू रहेका छन्।

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

४) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय तहहरूलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानको केही हिस्सालाइ कार्यसम्पादन सूचकमा आवद्ध गरेको छ **(अनुसूची-२)**। यी सूचकहरूमा केही सूचकहरू राजस्व सुधारसँग सम्वन्धित रहेका छन्। यसमा अनुमानित राजस्व प्रक्षेपण अनुसार राजस्व सकलनको अवस्थामा सबै स्थानीय तहको औसत प्रक्षेपित राजस्व संकलनको प्रतिशत भन्दा सम्बन्धित स्थानीय तहको राजस्व सङ्कलन बढी भएको, अघिल्लो आर्थिक वर्षको तुलनामा राजस्व सङ्कलनको अवस्थामा सबै स्थानीय तहको औसत राजस्व सङ्कलनको प्रतिशतभन्दा सम्बन्धित स्थानीय तहको राजस्व सङ्कलन बढी भएको अवस्था, स्थानीय तहले आगामी आर्थिक वर्षका लागि आय-व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालू आर्थिक वर्षको पुस मसान्तभित्र अर्थमन्त्रालयमा पेश गरेको, जस्ता राजस्व सुधारका नतिजा सूचकहरू रहेका छ।

५) स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ मा गाउँपालिका तथा नगरपालिकाले आगामी आर्थिक वर्षका लागि आय-व्यय प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विवरण प्रत्येक वर्षको पौष मसान्तभित्र सङघीय अर्थ मन्त्रालयमा पठाउनु पर्ने सूचक समावेश गरिएको छ।

## २. **राजस्व सुधार** योजना**को अवधारणा**

१) राजस्व सुधार योजना गाउँपालिका तथा नगरपालिकाको आगामी तीन वर्षका राजस्व प्रक्षेपण सहित आन्तरिक आय वृद्धिका लागि एक योजना सहितको खाका हो। यस योजनामा आन्तरिक आय बृद्धिका लागि गरिने संस्थागत सुधार, नीतिगत सुधार, राजस्व सम्भाव्यताको अध्ययन, यसको अधिकतम उपयोगका लागि गर्नु पर्ने क्रियाकलापहरूको पहिचान, आन्तरिक आयका स्रोतको नक्साङ्कन, आगामी तीन वर्षमा परिचालन हुन सक्ने आन्तरिक आय स्रोतको प्रक्षेपण, आन्तरिक आय बृद्धिको क्षमता विकासका उपायहरू र यी कार्यहरूको कार्यन्वयनको लागि समयसीमा सहितको क्रियाकलापगत योजनाको खाकाहरू समावेश गरिएका हुन्छन्।

२) राजस्व सुधार योजनाको मुख्य उद्देश्य स्थानीय तहको आन्तरिक आयको दिगो वृद्धि गर्नु हो। यस योजनाले यस उद्देश्य प्राप्तिका लागि स्थानीय तहको राजस्व सम्बन्धी नितिगत तथा कानूनि सुधारमा सहयोग गर्दछ, राजस्व सुधारको लागि संस्थागत क्षमता विकासमा योगदान गर्दछ र स्थानीय आर्थिक विकास र आन्तरिको आयको दिगो वृद्धिका बीच सामन्जस्यता समेत गर्दछ। आन्तरिक आय बृद्धिले स्थानीय स्वायत्ततालाई थप मजबूत बनाई स्थानीय तहका प्रशासननिक संयन्त्र र निर्वाचित जनप्रतिनिधीहरूलाई जनताप्रति थप जिम्मेवार र उत्तरदायी बनाउन दबाब सृजना गर्दछ। यस आयको दिगो परिचालनले स्थानीय तह प्रति स्थानीय जनताको स्वामित्व र विश्वास समेत बढाउन मद्दत गर्दछ। आन्तरिक आयको उपयोग स्थानीय सुशासन, स्थानीय सेवा प्रवाह, स्थानीय विकास र स्थानीय समृद्धिको लागि गरिने भएकाले आन्तरिक आयको दिगो परिचालन र वृद्धिका उपायको खोजी गर्दा यी

विषयलाई थप सहयोग हुने गरी गर्नुपर्दछ। राजस्व सुधार योजनाले स्थानीय उत्पादकत्व, उत्पादन र रोजगारीलाई प्रोत्साहन गर्नु पर्दछ।

## ३. **राजस्व सुधार** योजना **निर्माणको उद्‌देश्य**

१) यस प्रारूपको मुख्य उद्‌देश्य गाउँपालिका र नगरपालिकाको आन्तरिक आयको दिगो परिचालन र वृद्धिका लागि ती निकायहरूले यस क्षेत्रमा गर्नु पर्ने सुधारका उपायको खोजी गरी यसको कार्यन्वयन योजना निर्माण गर्ने मार्गदर्शन प्रदान गर्नु हो। यस दिग्दर्शको उद्देश्यहरु देहाय बमोजिम रहेको छ:

(क) आन्तरिक आयको विगत वर्तमान अवस्थाको विश्लेषण गर्नको लागि खाका प्रदान गर्नु

(ख) आन्तरिक आयको वृद्‌धि र परिचालनका लागि गर्नु पर्ने कानूनी तथा नीतिगत सुधारका लागि मार्गदर्शन प्रदान गर्नु

(ग) आन्तरिक आयको दिगो परिचालन र वृद्‌धिका लागि संस्थागत सुधारको क्षेत्र पहिचान गर्न स्थानीय तहलाई सहयोग गर्नु

(घ) आन्तरिक आयको दिगो परिचालन र वृद्‌धिका लागि समयसीमा सहितको राजस्व सुधार योजना निर्माण गर्नका लागि एक खाका प्रदान गर्नु

(ङ) स्थानीय तहको राजस्व परिचालन क्षमता विकास गर्न सहयोग पुर्‍याउनु

२) गाउँपालिका तथा नगरपालिकाले यस प्रारुपको उपयोगबाट देहायका कार्य गर्न सक्षम हुनेछन:

(क) गाउँपालिका तथा नगरपालिकाको आन्तरिक आयको सम्भाव्य स्रोतको नक्साङ्कन गर्न,

(ख) गाउँपालिका तथा नगरपालिकाले आगामी आर्थिक वर्षमा उठाउन सक्ने आन्तरिक आयको प्रक्षेपण गर्न,

(ग) गाउँपालिका तथा नगरपालिकाको आन्तरिक आय परिचालनमा क्षमता विकास गर्न,

(घ) गाउँपालिका तथा नगरपालिकाको आन्तरिक आय परिचालनको लागि संस्थागत तथा नीतिगत सुधार गर्न,

(ङ) आन्तरिक आयको दिगो परिचालन र वृद्‌धीका लागि गर्नु पर्ने सुधारको कार्यन्वयन योजना निर्माण गर्न

## ४. **राजस्व सुधार योजना निर्माण दिग्दर्शनको प्रयोगकर्ताहरू**

१) राजस्व सुधार योजना दिग्दर्शन गाउँपालिका तथा नगरपालिकाको लागि लक्षित गरी तयार गरिएको छ। यस योजना उक्त निकायका कर्मचारी तथा जनप्रतिनिधिको लागि उपयोगी हुनेछ। यो दिग्दर्शनले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम गठित स्थानीय तहका उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा रहेको स्थानीय राजस्व परामर्श समितिलाई आन्तरिक आयको विश्लेषण गरी यसको अनुमान गर्न र राजस्व सुधारका उपायको खोजि गर्न मार्गदर्शन प्रदान गर्नेछ।

२) यो दिग्दर्शन स्थानीय तहको राजस्व क्षमतामा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा संलग्न रहेका सार्वजनिक तालिम प्रदाय संस्थाहरू जस्तै स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, प्रदेश प्रशिक्षण प्रतिष्ठानहरू, सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, नेपाल प्रशासिक प्रशिक्षण प्रतिष्ठान जस्ता निकायका लागि अत्यन्तै उपयोगि हुनेछ। यस दिग्दर्शन स्थानीय कर सम्बन्धमा अध्ययन, अध्यापन र अनुसन्धानमान संलग्न विश्वविद्यालयहरू, विद्यार्थीहरू र यसमा रूची राख्नेहरूका लागि समेत उपयोगी हुनेछ।

## ५. राजस्व सुधार योजना कार्यन्वयनको अपेक्षित परिमाणात्मक प्रतिफल

नेपाल सरकारले स्थानीय तहको वित्तीय सुशासनको लेखाजोखाको लागि स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि २०७७ जारी गरी राजस्व व्यवस्थापनको क्षेत्रमा मूल्याङ्कनका सूचक निर्धारण गरेको छ । यी सूचकमा ३ वटा सूचकहरू नतिजा क्षेत्रसँग सम्बन्धित रहेका छन्। यसै आधारमा स्थानीय तहको राजस्व सुधार योजनाको कार्यन्वयनबाट देहायका परिमाणात्मक प्रतिफलको अपेक्षा गरिएको छ:

१) गत आर्थिक वर्षमा भन्दा सो भन्दा अघिल्लो आर्थिक वर्षको तुलनामा कम्तिमा १० प्रतिशतले आन्तरिक आय (आफूले उठाएको रकम) वृद्धि भएको ।

२) गत आर्थिक वर्षमा स्थानीय राजस्व परामर्श समितिले गरेको राजस्व अनुमानको ९० प्रतिशत भन्दा बढी राजस्व सङ्कलन भएको।

३) हरेक आर्थिक वर्षमा कुल बजेटमा आन्तरिक आयको हिस्सा २० प्रतिशतभन्दा बढी रहेको।

## ६. राजस्व सुधार योजनाको कार्यन्वयन प्रभावकारिताको लेखाजोखाका सूचकहरू

१) राजस्व सुधार योजनाको कार्यान्वयन प्रभावाकरिताको लेखाजोखा नेपाल सरकारले स्थानीय तहको वित्तीय सुशासनको लेखाजोखाको लागि कार्यन्वयनमा ल्याएको स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि २०७७ मा उल्लिखित सूचकको आधारमा गरिने छ। यस सम्बन्धी सूचकहरू अनुसूची-३ मा समावेश गरिएको छ।

२) यी सूचकहरूको लेखाजोखा हरेक वर्ष जिल्ला समन्वय समितिबाट गरी यसलाई सार्वजनिक गर्नु पर्नेछ। यी सूचकमा भएको उपलब्धिको आधारमा स्थानीय तहको राजस्व क्षमता विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु पर्नेछ।

# परिच्छेद - ३

# राजस्व सुधार योजना निर्माणका चरणहरू

## १. पहिलो चरण: राजस्व सुधार योजना निर्माणको कार्यपालिकाको बैठकबाट निर्णय

१) गाउँपालिका तथा नगरपालिकाको स्थानीय राजस्व परामर्श समितको बैठकको सिफारिशमा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको बैठकबाट समय तालिका र यस कार्यमा लाग्ने खर्चको सीमा समेत तोकी राजस्व सुधार योजना निर्माण गर्ने सम्बन्धमा औपचारिक निर्णय गर्नु पर्दछ।

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

२) राजस्व सुधार योजनाको निर्माण स्थानीय राजस्व परामर्श समितको प्रत्यक्ष निर्देशनमा रही राजस्व शाखा वा महाशाखाले आन्तरिकरूपमा आफैंले वा परामर्शदाताको सहयोगमा गर्न सक्छ। पहिलोपटक यस सम्बन्धी कार्य गर्दा भने परामर्शदाताको सहयोग लिंदा प्राविधिकरूपमा सहज हुन सक्छ। तर एक पटक बनेको राजस्व सुधार योजनाको अद्यावदी गर्दा वा दोस्रो पटक निर्माण गर्दा भने आन्तरिक रुपमा निर्माण गर्नुपर्छ। यसबाट राजस्व शाखा वा महाशाखाको संस्थागत क्षमता समेत निर्माण हुनेछ।

## २. दोस्रो चरण: राजस्व सुधार योजनाको निर्माण सम्बन्धी प्राविधिक कार्यदलको गठन

१) राजस्व सुधार योजना निर्माणको लागि प्रमुख प्रशासकीय अधिकृतको निर्णयबाट देहाय बमोजिमको एक राजस्व सुधार योजना निर्माण कार्यदल गठन गर्नु पर्दछ।

(क) राजस्व शाखा वा महाशाखाका प्रमुख

(ख) आर्थिक प्रशासन शाखा वा महाशाखाका प्रतिनिधि

(ग) योजना शाखा वा महाशाखाका प्रतिनीधि

(घ) कर्मचारी प्रशासन महाशाखा वा शाखाका प्रतिनिधि

(ङ) वडा सचिव मध्येवाट १ जना प्रतिनिधि

(च) कार्यदलले तोकेकको १ जना विज्ञ

२) राजस्व सुधार योजना प्राविधिक कार्यदलले प्रमुख प्रशासकीय अधिकृतको निर्देशनमा रही देहायका कार्यहरू सम्पादन गर्नु पर्दछ।

(क) तथ्याङक तथा सङकलन सम्बन्धी कार्य

(ख) सरोकारवालासँग छलफल र अन्तरक्रिया सम्बन्धी कार्य

(ग) परामर्शदाताबाट राजस्व सुधार योजनाको कार्य गर्दा सहजीकरण सम्बन्धी कार्य

(घ) आन्तरिक तवरले राजस्व सुधार योजना निर्माण गर्ने निर्णय भएका सो योजना निर्माण सम्बन्धी कार्य

(ङ) तथ्याङक सङ्कलकको छनौट तालिम सम्बन्धी कार्य

(च) तथ्याङ्कको तालिकीकरण सम्बन्धी कार्य

(छ) राजस्व सुधार योजना निर्माणको लागि वडा कार्यालय, निजी क्षेत्र र अन्य सरोकारवालासँग समन्वय सम्बन्धी कार्यहरू

(ज) अन्य तोकिएका कार्य

## ३. तेस्रो चरण: राजस्व सुधार योजनाको निर्माण परामर्शदाता संस्थाको छनौट

१) राजस्व सुधार योजना पहिलोपटक निर्माण गर्दा भने परामर्शदाता संस्थाको प्राविधिक सहयोग आवयश्यक पर्न सक्छ। परामर्शदाता आवश्यक हुने भए यसको सेवा खरिदको लागि राजस्व हेर्ने शाखा वा महाशाखाले

उपलब्ध बजेट तथा कार्यबोझको आधारमा सार्वजनिक खरिद ऐन र यस समबन्धी नियमावली बमोजिम कार्यशर्त (Terms of Referecne) निर्माण गरी खरिद प्रक्रिया अघि बढाउनु पर्दछ।

२) परामर्शदाताको सेवा खरिदको लागि तयार पारिने कार्यशर्तमा परामर्शदाताको मुख्य कार्यहरु, बजेट, कार्यतालिका, परामर्शदाताको प्रस्ताव मूल्याङ्कनका आधारहरू, यसमा रहने विज्ञको योग्यता र अनुभव आदि विषय स्पस्टरूपमा उल्लेख गरिनु पर्दछ। यस सम्बन्धी कार्यशर्तको नमूना ढाँचा अनुसूची-४ मा उल्लेख गरिएको छ।

## ४. **चौथो चरण: राजस्व सुधार** योजना **निर्माणको पूर्व तयारी कार्यशाला**

१) राजस्व सुधार योजनाले राजस्वका दरका बारेमा, राजस्व सम्बन्धी कानूनको सुधारका बारेमा सुझाव प्रस्तुत गरी राजस्वको प्रक्षेपण गर्ने हुनाले हरेक वर्ष राजस्वको अनुमान तयार गर्दा र आर्थिक ऐन निर्माण गर्दा यसले एक खाकाको काम गर्ने भएकाले सबै सरोकारवालाहरूलाई समावेश गरी राजस्व सुधार योजना तयार गर्नु पूर्व राजस्व हेर्ने शाखा वा महाशाखाले यस सम्बन्धी एक दिने पूर्व तयारी बैठक आयोजना गरी सरोकारवालाई जानकारी गराउने र योजना निर्माणका लागि सुझावहरू सङ्कलन गर्नु पर्दछ। यस कार्यशालामा कार्यपालिका पदाधिकारीहरू, राजस्व सुधार योजना निर्माणको गठन गरिएको प्राविधिक कार्यदलका सदस्यहरू, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका पदाधिकारीहरू राजस्व परामर्श समितिका सदस्यहरू र परामर्शदाताको सहयोग लिई यस सम्बन्धी कार्य गर्न परामर्शमा संलग्न विज्ञहरू र अन्य सरोकारवालाई आमन्त्रण गर्नु पर्नेछ।

२) पूर्व तयारी कार्यशालामा राजस्व हेर्ने शाखा वा महाशाखाले राजस्व सुधार योजनाको उद्देश्य, अवधारणा, राजस्वको बारेमा हालको अवस्था, यसको सम्भाव्यता, कानूनी व्यवस्था, राजस्व व्यवस्थापनका चुनौती, सुधारका क्षेत्रहरू आदि सम्बन्धमा एक प्रस्तुती गरी राजस्व सुधार योजना निर्माणका लागि सुझावहरू सङ्कलन गर्नु पर्दछ। कार्यशाला सकिएपछि कार्यशालामा उठेका विषयलाइ समेटी राजस्व हेर्ने निकायले यस सम्बन्धी प्रतिवेदन समेत तयार गर्नु पर्नेछ।

## ५. पाँचौ चरण: **राजस्वको वस्तुस्थिति विवरण तयार गर्ने**

१) राजस्व सुधार योजना निर्माण कार्यदलले आफैं वा योजना निर्माणमा संलग्न परामर्शदाताको सहयोगमा नगरपालिका वा गाउँपालिकाको राजस्वको वस्तुस्थिति विवरण तयार गर्नु पर्दछ। यस वस्तुस्थितिमा, स्थानीय तहको संक्षिप्त परिचय, आर्थिक अवस्था, राजस्व परिचालनको वर्तमान अवस्था, आर्थिक वर्ष २०७४-७५ देखिको आन्तरिक आयको अवस्था, स्थानीय राजस्व परामर्श समितिका निर्णयहरू, राजस्व व्यवस्थापनसँग सम्बन्धित कानूनहरू, राजस्व व्यवस्थापनमा प्रयोगमा आएका सुचना प्रविधिहरू, राजस्व शाखाको संरचना, राजस्व शाखामा कार्यरत कर्मचारीको विवरण आदि विषयहरू उल्लेख गर्नु पर्छ।

२) स्थानीय तहको राजस्वको वस्तुस्थिति विवरणको नमूना ढाँचा अनुसूची-५ मा उल्लेख गरिएको छ। प्राविधिक कार्यदलले यस सम्बन्धी ढाँचाहरू आफ्नो स्थानीय आवयश्कता अनुसार परिमार्जन गर्न

सक्नेछ। यस नमूना ढाँचाको परीक्षण गरेर वा विज्ञ परामर्श लिएर यसलाई अन्तिमरूप दिनु पर्नेछ। यस ढाँचालाई समय समयमा परिमार्जन गर्न सकिनेछ।

## ६. छैठौं चरण: **आन्तरिक आयको तथ्याङ्क सङ्कलन फारमको विकास**

१) राजस्व सुधार योजना निर्माण प्राविधिक कार्यदलले आफैं वा योजना निर्माणमा संलग्न परामर्शदाताको सहयोगमा आन्तरिक आय उठ्ने आर्थिक गतिविधि वा विषयक्षेत्रको नक्साङ्कन गरी तथ्याङ्क सङ्कलन गर्न सहयोगी हुने तथ्याङ्क सङ्कलन फारम विकास गर्नु पर्दछ।

२) प्राविधिक कार्यदलले तथ्याङ्क सङकलन फारमको नमूना निर्माण गरी यसको परीक्षण गरेर मात्र यसलाई अन्तिम रूप दिनु पर्छ। तथ्याङ्क फारमको नमूना अनुसुची ६-७ मा समावेश गरिएको छ। यस नमूनालाई आधार मानी स्थानीय आवश्यकताको आधारमा यी फारमहरूलाई प्राविधिक कार्यदलले आवश्यक परिमार्जन गर्न सक्नेछ।

## ७. **सातौं** चरण: **तथ्याङ्क सङ्कलकको परिचालन गरी तथ्याङ्क सङ्कलन**

१) राजस्व सुधार योजना निर्माण प्राविधिक कार्यदलले स्थानीय क्याम्पस वा उच्च माध्यमिक विद्यालयसँग सहकार्य गरी विद्यार्थीहरू परिचालन गरी वा सो नभएमा स्वयंसेवक परिचालन गरी स्थानीय आयको स्रोतहरूको आधारको बारेमा तथ्याङ्क सङ्कलन गर्नु पर्दछ। तथ्याङ्क सङ्कलक छनौट गर्दा प्रचलित कानूनको पालना गर्नु पर्छ।

२) तथ्याङ्क सङ्कलनमा खटिने तथ्याङ्क सङ्कलकको पारिश्रमिकको निर्णय कार्यपालिकाको बैठकबाट गर्नु पर्छ। तथ्याङ्क सङ्कलकलाई यसको प्रक्रिया र यसको फारम भर्ने तरिकाका बारेमा १-२ दिनको अभिमुखीकरण गर्नु पर्छ।

## ८. **आठौं** चरण: **तथ्याङ्कको विश्लेषण**

१) राजस्व सुधार शाखा वा महाशाखाले आफैं वा योजना निर्माणमा संलग्न परामर्शदाताको सहयोगमा सङ्कलन भएका तथ्याङ्कको विश्लेषण गर्नु पर्नेछ। तथ्याङ्क विश्लेषण गर्दा राम्रा पक्षहरू, कमजोरीहरू, यसमा रहेका चुनौतीहरू आदि समेत उल्लेख गर्नु पर्छ।

२) तथ्याङ्क विश्लेषणमा स्थानीय आयको दायरामा कति संस्था वा व्यक्ति आएका छन र के कतिलाई कुन क्षेत्रमा ल्याउन सकिन्छ भन्ने विषय पनि उल्लेख गर्नु पर्दछ। यसमा हाल के कति दर रहेको छ यी दरका के कस्तो पुनरावलोकन आवयश्यक रहेको छ भन्ने सम्बन्धमा पनि ठोस सुझाव प्रस्तुत गर्नु पर्नेछ।

## ९. **नवौं** चरण: दर **रेट विश्लेषण र दर रेट प्रस्ताव**

१) राजस्व सुधार योजना निर्माण प्राविधिक कार्यदलले आफैं वा परामर्शदाताको सहयोगमा हाल आर्थिक ऐनमा उल्लेख गरिएका सेवा शूल्को दरहरू, व्यवसाय करको दरहरू, बहाल करको दरहरु, सम्पत्ति करको मूल्याङ्कन तरिका र यसमा लाग्ने करको दर, कवाडी करको दर, मालपोत दर आदिको दर विश्लेषण गर्नु पर्छ। यसरी विश्लेषण गर्दा आर्थिक ऐन बमोजिमको दर रेट अनुसार के कति रकम उठ्न सक्ने रहेछ, दर

बढाउन सकिने सम्भावना छ वा छैन, दर बढाउँदा आर्थिक गतिविधिलाई के कस्तो असर पार्छ, नयाँ दरले राजस्वको दिगो वृद्धी के कस्तो हुन सक्छ भनि शीर्षकगत आधारभूत अनुमान समेत तयार गर्नु पर्छ।

२) दर रेटको विश्लेषण गर्दा मिल्दोजुल्दो अवस्थाका अन्य स्थानीय तहको दर रेटसँग तुलना गर्न सकिन्छ। उदाहरणको लागि घर बहाल करको दर रेटको तुलना गर्दा देहायको तालिका प्रयोग गर्न सकिन्छ।

*तालिका 2: तुलनात्मक दर रेट*

| स्थानीय तहको नाम | बहाल करको दर | बहाल करबाट उठेको रकम | बहाल करको करदाता सङ्ख्या | जम्मा घर परिवार सङ्ख्या[1] | प्रति घरपरिवार वहाल कर |
|---|---|---|---|---|---|
| 1) आफ्नो स्थानीय तह | | | | | |
| 2) अन्य स्थानीय तह | | | | | |
| 3) अन्य स्थानीय तह | | | | | |
| 4) अन्य स्थानीय तह | | | | | |

३) दर रेटको विश्लेषणका आधारमा आगामी तीन वर्षको लागि उपयुक्त हुने दर रेट प्रस्ताव गर्नु पर्छ। कर तथा गैर करका दर रेट प्रस्ताव गर्दा करको दायरा फराकिलो बनाई बढी बढी भन्दा करदातालाई करको दायरमा ल्याई करको दायरा फराकिलो बनाउने र करको दर रेट कम गर्ने नीति लिन उपयुक्त हुन्छ। दर रेट अधिक भएमा करदाताले कर छल्ने वा आर्थिक गतिविधिलाई समेत निरुत्साहित गर्न सक्छ। दर रेटको प्रस्ताव देहाय बमोजिमको तालिकामा गर्न सकिन्छ। उदाहरणको लागि साना सवारी करको दर यसरी प्रस्ताव गर्न सकिन्छ।

*तालिका 3: सवारी साधन करको दर प्रस्ताव*

| सवारी साधन | साना सवारी साधनको हालको दर रेट (प्रति एकाई रू) | | | साना सवारी साधनको प्रस्तावित दर रेट (प्रति एकाई रू) | | |
|---|---|---|---|---|---|---|
| | दर्ता शूल्क | वार्षिक नवीकरण शूल्क | वार्षिक कर | दर्ता शूल्क | वार्षिक नवीकरण शूल्क | वार्षिक कर |
| इ-रिक्सा | | | | | | |
| अटो रिक्सा | | | | | | |

## १०. दशौं चरण: **राजस्व प्रक्षेपण**

१) 1यस सम्बन्धी तथ्याङ्क केन्द्रीय तथ्याङ्क कार्यालयबाट समेत पाउन सकिन्छ

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

१) राजस्व सुधार शाखा वा महाशाखाले आफैं वा योजना निर्माणमा संलग्न परामर्शदाताको सहयोगले तथ्याङ्क विश्लेषण तथा दर रेटको विश्लेषणको आधारमा आगामी तीन वर्षका लागि स्थानीय तहको आन्तरिक आयको प्रक्षेपण गर्नु पर्छ। स्थानीय तहले करका स्रोतहरूको सर्वेक्षण गरी आधार वर्षको राजस्व प्रक्षेपण गर्नु पर्दछ। राजस्व सुधार योजना तीन वर्षको लागि तयार गरिन्छ र चौथौ वर्षमा यसलाई पुन: तयार गरिन्छ। राजस्व सुधार योजना निर्माण भएको वर्षलाई आधार वर्ष मानी सर्वेक्षणको आधारमा राजस्व प्रक्षेपण गरिन्छ।

२) आधार वर्ष देखि बाहेकका अन्य वर्षमा भने आन्तरिक आयको गत विगतको प्रवृत्ती विश्लेषण गरी विभिन्न विधिको प्रयोग गरी राजस्व प्रक्षेपण गर्ने गरिन्छ। राजस्व प्रक्षेपणका विधि सम्बन्धमा **परिच्छेद -४** विस्तृत रुपमा उल्लेख गरिएको छ। यी विधिको आधारमा संघिय सरकारबाट आगामी वर्षमा प्राप्त हुन सक्ने राजस्व बाँडफाँटको रकम समेत प्रक्षेपण गर्न सकिन्छ। स्थानीय तहले खर्चको समेत प्रक्षेपण गर्नु पर्ने भएकाले यी विधिलाई यस प्रयोजनको लागि समेत उपयोग गर्न सकिनेछ।

**११. एघारौं** चरण: **राजस्व सुधार योजना कार्यन्वयन कार्ययोजना**

१) राजस्व सुधार शाखा वा महाशाखाले आफैं वा कार्ययोजना निर्माणमा संलग्न परामर्शदाताको सहयोमा राजस्व सुधार योजना कार्यान्वयन कार्ययोजना तयार गर्नु पर्छ।

**१२. बाह्रौं** चरण: **राजस्व सुधार योजनाको प्रारम्भिक** प्रतिवेदन तयार

१) राजस्व सुधार योजना निर्माण कार्यदलले आफैं वा योजना निर्माणमा संलग्न परामर्शदाताको सहयोगमा यस अघिका चरणहरूमा सङ्कलन भएको तथ्याङ्क तथा सूचनलाई आधार मानी गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार योजनाको प्रारम्भिक प्रतिवेदन तयार गर्नु पर्छ। यस प्रतिवेदनलाई राजस्व सुधार योजना निर्माण प्रावीधिक कार्यदलला विस्तृत छलफल गरी तयार गर्नु पर्छ।

२) प्रारम्भिक प्रतिवेदनमा, राजस्वको वर्तमान अवस्थाको विश्लेषण, आगामी तीन वर्षको राजस्व सुधार कार्यन्वयन योजना, तीन वर्षका लागि प्रस्तावित राजस्वका दरहरू, राजस्व व्यवस्थापनको लागि संस्थागत संरचना, आगामी तीन वर्षको राजस्व प्रक्षेपण आदि विषयहरू समावेश गर्नु पर्छ। यो प्रतिवेदनमा थप सुझाव लिन र राजस्व सुधार सुझाव सङ्लकन कार्यशालमा प्रस्तुत गर्न उपयोग गरिने हुनाले प्रतिवेदनको साथमा पावर प्वाईण्ट स्लाइड (PowerPoint Slide) समेत तयार गर्नु पर्छ।

**१३. तेह्रौं** चरण: **राजस्व सुधार योजना सुझाव सङ्कलन कार्यशाला**

१) गाउँपालिका वा नगरपालिकाको राजस्व हेर्ने शाखा, महाशाखा वा विभागले स्थानीय राजस्व परामर्श समिति, वडा अध्यक्षहरू, वडा सचिवहरू, निजी क्षेत्रका प्रतिनिधि, बजेट सीमा निर्धारण स्रोत अनुमान समिति, कर्मचारीहरू, परामर्शदातावाट काम हुँदा सोमा संलग्न विज्ञ, राजस्व सुधार योजना प्राविधिक कार्यदल, तथा अन्य सरोकारवालाई समावेश गरी एक कार्यशाला आयोजना गरी राजस्वको दर रेट, राजस्व सुधारको योजना, राजस्व प्रशासन आदि सम्बन्धमा सुझावहरु सङ्कलन गर्नु पर्छ।

२) राजस्व सुधार योजना सुझाव सङ्कलन कार्यशाला संचालन गर्दा सो योजनाको प्रारम्भिक प्रतिवेदनमा आधारित रही प्रस्तुतीकरण गर्नु पर्छ। यसमा प्रस्तुतीकरण पश्चात देहायको समूह गठन गरी प्रारम्भिक प्रतिवेदनमा सुझाव सङ्कलन गर्नु पर्छ। समूह निर्माण गर्दा एक जना टोली नेता र समूहको प्रस्तुतकर्ता समेत छनौट गर्ने पर्नेछ। कार्यशाला पश्चात यस सम्बन्धी कार्यशाला प्रतिवेदन तयार गर्नु पर्नेछ।

(क) राजस्वका दर र दायरा तथा प्रक्षेपण सम्बन्धी समूह

(ख) राजस्वको संस्थागत विकास जस्तै आर्थिक ऐन, राजस्व प्रशासन सम्बन्धी समूह

(ग) राजस्वको कार्यान्वयन योजना समूह

(घ) कर राजस्व सुधार समूह

(ङ) गैर कर राजस्व सुधार समूह

१४. **चौधौं** चरण: **राजस्व सुधार योजनाको अन्तिम मस्यौदा प्रतिवेदन तयार**

१) गाउँपालिका वा नगरपालिकाको राजस्व सुधार योजना निर्माण प्राविधिक कार्यदलले आफैं वा परामर्शदाताको सहयोगमा राजस्व सुधार योजना सुझाव सङ्कलन कार्यशालाको प्रतिवेदनको आधारमा प्राप्त सुझावहरूलाई समेटी अन्तिम मस्यौदा प्रतिवेदन तयार गर्नु पर्छ।

२) यसरी तयार भएको अन्तिमा मस्यौदा प्रतिवेदनमाथि थप सुझाव सङ्कलन गर्न १५ दिनको समय दिई स्थानीय तहको वेबसाइटमा राखी सरोकारवालाबाट सुझाव माग गर्नु पर्छ । अन्तिम मस्यौदा प्रतिवेदनलाइ राजस्व परामर्श समितको बैठकमा राखि छलफल गरी थप परिमार्जन सकिनेछ।

१५. **पन्ध्रौं** चरण: **राजस्व सुधार योजनाको अन्तिम प्रतिवेदन तयार**

१) गाउँपालिका वा नगरपालिकाको राजस्व सुधार योजना निर्माण प्राविधिक कार्यदलले आफैं वा राजस्व सुधार योजना निर्माणमा संलग्न परामर्शदाताको सहयोगमा अन्तिम प्रतिवेदन तयार गर्नु पर्छ। यस अन्तिम प्रतिवेदनको नमूना ढाँचा अनुसूचि- ६ मा समावेश गरिएकोs छ। अन्तिम प्रतिवेदनको स्वीकृति स्थानीय राजस्व परामर्श समितिको सिफारिशमा कार्यपालिका बैठकबाट गर्नु पर्छ।

२) स्वीकृत अन्तिम प्रतिवेदनलाई नेपाली भाषा विज्ञवाट सम्पादन गरी यसलाई आफ्नो वेबसाईटमा राख्नु पर्छ। यस प्रतिवदनलाई छापी सवै वडा कार्यालय र यसमा सँलग्न सरोकारवालालाई वितरण गर्न सकिन्छ। स्थानीय राजस्व परामर्श समितिले आफ्ना निर्णयहरू गर्दा वा राजस्वका दर रेट सिफारिश गर्दा यसलाई आधार मान्नु पर्छ। बजेट सिलिंग तथा स्रोत परीक्षण समितिले हरेक वर्ष राजस्व तथा व्ययको अनुमान गर्दा यसलाई आधार मान्नु पर्छ।

# परिच्छेद - ४

# स्थानीय आयको प्रक्षेपण

१. परिचय

## अनुसूची २
### (दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)

१) गाउँपालिका तथा नगरपालिकाले आगामी आर्थिक वर्ष वा सो भन्दा बढी आर्थिक वर्षका लागि आफ्नो खर्च आवश्यकताका लागि जुटाउन सकिने आयको पूर्वानुमानलाई आय प्रक्षेपण भनिन्छ। यसमा गाउँपालिका तथा नगरपालिकाहरूले सामान्यतया मध्यकालीन खर्च संरचनाको अवधिका लागि कुन कुन स्रोतबाट के कति आय स्रोत जुट्न सक्दछ भनेर विभिन्न विधिबाट प्रक्षेपण गर्दछन्। सामान्यतया स्थानीय तहको हकमा पहिला आय प्रक्षेपण गरेर मात्र खर्चको प्रक्षेपण गर्नु उपयुक्त हुन्छ। सङ्घीय सरकारको हकमा खर्च प्रक्षेपण गरेपछि आयको प्रक्षेपण गर्ने गरिन्छ। आफ्नो आम्दानीले नसकेमा सङ्घीय सरकारसँग वैदेशिक ऋण लगायतका अन्य विकल्पहरू पनि रहने गर्दछ। सङ्घीय सरकारलाई उपलब्ध सबै वित्तीय विकल्पहरू स्थानीय तहलाई उपलब्ध नहुने हुनाले साधारणतया स्थानीय सरकारको हकमा आय प्रक्षेपणका आधारमा खर्च प्रक्षेपण गर्ने गरिन्छ।

२) स्थानीय आय प्रक्षेपणका मुख्य उद्देश्यहरू भनेको राजस्वको अनुमानलाई यथार्थपरक (Realistic) बनाउनु र सम्भावित राजस्वका स्रोतहरूको पहिचान गरी यसको अधिक परिचालन (Mobilization of Potential Revenues) गर्नु रहेको छ। स्थानीय आयको प्रक्षेपण राजस्व सुधार योजनाको एक अभिन्न अङ्ग हो। स्थानीय आयको प्रक्षेपण एक निरन्तर कार्य हो र हरेक वर्ष यसलाई नियमित रूपमा अद्यावदी गर्नु पर्छ। स्थानीय आयको प्रक्षेपण गर्दा सहभागीतामूलक ढङ्गले गर्नु पर्छ किनकि यसले लुकेका स्रोतको खोजी गर्दछ र करको दायरामा नआएकालाई पनि यसको दायरा ल्याउँछ। त्यसैले यस कार्यलाई चरणबद्ध रूपमा सम्पादन गर्नु पर्छ। आय प्रक्षेपणले स्थानीय वित्तीय स्वास्थ्यको समेत लेखाजोखा गर्न सहयोग गर्दछ। यसले खर्चको सदुपयोग (Expenditure Rationalization) गर्न समेत सहयोग गर्दछ। यसले स्थानीय वित्त व्यवस्थापनमा घाँटी हेरी हाड निल्न समेत सिकाउँदछ।

## २. स्थानीय आय प्रक्षेपणसँग सम्बन्धित केही कानुनी व्यवस्थाहरू

| कानून | कानुनी व्यवस्था |
|---|---|
| स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ | बुँदा ६: आगामी आर्थिक वर्षको बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको दुई वर्षको समेत प्रक्षेपण गरेको। यसमा बजेट प्रक्षेपण भन्नाले आय-व्यय दुबैको अनुमान समावेश हुने गर्दछ।<br>बुँदा ८४: आगामी आर्थिक वर्षका लागि आय-व्यय प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण सङ्घीय अर्थ मन्त्रालयमा पठाएको। |
| अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२ | स्थानीय तहले आफूले गरेको आय-व्ययको चौमासिक विवरण त्यस्तो अवधि सकिएको ३० दिन भित्र सङ्घीय अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ। यसमा स्थानीय तहले दोस्रो चौमासिकको व्ययको विवरण पेस गर्दा तेस्रो चौमासिकमा हुने आय-व्ययको अनुमान समेत पेश गर्नु पर्नेछ। |
| अन्तर सरकारी वित्त | स्थानीय तहले कर वा गैर कर राजस्वको प्रस्ताव पेश गर्दा वा भैरहेको कर वा |

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

| | |
|---|---|
| व्यवस्थापन ऐन, २०७४ को दफा २१ | गैर कर राजस्वमा परिवर्तन गर्नु पर्दा त्यसको आवश्यकता, औचित्य तथा त्यसबाट पर्ने प्रभाव समेत उल्लेख गरी प्रस्ताब तयार गर्नु पर्नेछ। |
| अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८(३) | प्रदेश सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग परामर्श गरी चालु आर्थिक वर्षको चैत्र मसान्त भित्रमा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानको अनुमानित स्रोतको विवरण स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ। |
| अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८(२) | नेपाल सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग परामर्श गरी चालु आर्थिक वर्षको फागुन मसान्त भित्रमा राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदान बापत आगामी आर्थिक वर्षमा नेपाल सरकारले स्थानीय तहलाई उपलब्ध गराउने अनुमानित स्रोतको विवरण स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ। |
| अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८(१) | स्थानीय तहले आगामी आर्थिक वर्षका लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण प्रत्येक वर्षको पौष मसान्त भित्रमा अर्थ मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ। यसमा<br>(क) व्ययको अनुमान<br>(ख) आफ्नो स्रोतबाट सङ्कलन हुन सक्ने अनुमानित राजस्व<br>(ग) राजस्व बाँडफाँटबाट प्राप्त हुन सक्ने अनुमानित रकम<br>(घ) अनुदानबाट प्राप्त हुन सक्ने अनुमानित रकम<br>(ङ) बजेट घाटा पुर्ति गर्न आवश्यक पर्ने अनुमानित रकम र त्यसको स्रोत पर्छ। |

## ३. स्थानीय तहका आय स्रोतहरू र यसको अनुमान

| पालिकाको आय स्रोत | यसको अनुमान |
|---|---|
| संघबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान | फागुन मसान्त भित्रमा नेपाल सरकारबाट अनुमानित विवरण प्राप्त हुने |
| प्रदेशबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान | चैत्र मसान्तभित्र प्रदेश सरकारबाट अनुमानित विवरण प्राप्त हुने |
| सङ्घबाट प्राप्त हुने राजस्व बाँडफाँट बापतको रकम | फागुन मसान्तभित्रमा नेपाल सरकारबाट अनुमानित विवरण प्राप्त हुने |
| प्रदेशबाट प्राप्त हुने सवारी साधनको राजस्व बाँडफाँट बापतको रकम | चैत्र मसान्तभित्र प्रदेश सरकारबाट अनुमानित विवरण प्राप्त हुने |
| संघबाट प्राप्त हुने सःशर्त अनुदान | संघबाट प्रप्त विवरण अनुसार |
| प्रदेशबाट प्राप्त हुने सःशर्त अनुदान | प्रदेशबाट प्राप्त विवरण अनुसार |

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

| | |
|---|---|
| संघबाट प्राप्त हुन सक्ने समपुरक अनुदान | संघबाट प्राप्त सीमा अनुसार |
| प्रदेशबाट प्राप्त हुन सक्ने समपुरक अनुदान | प्रदेशबाट प्राप्त सीमा अनुसार |
| संघबाट प्राप्त हुन सक्ने विशेष अनुदान | प्रदेशबाट प्राप्त सीमा अनुसार |
| प्रदेशबाट प्राप्त हुने विशेष अनुदान | प्रदेशबाट प्राप्त सीमा अनुसार |
| सम्पत्ती कर | विगतको आम्दानी, नक्सा पासको स्थिति, घरको तथ्याङ्क सङ्कलन आदि |
| व्यवसाय कर | विगतको आयको विश्लेषण र व्यवसाय दर्ता विवरण र वार्षिक सर्भेक्षण |
| मालपोत | विगतको आय विश्लेषण र सर्भेक्षण |
| घर तथा जग्गामा लाग्ने बहाल कर | विगतको आय विश्लेषण र घर धुरी सर्भे आदि |
| मनोरञ्जन करको आफ्नो हिस्सा | विगतको आय विश्लेषण र सर्भे**क्षण** |
| विज्ञापन करको आफ्नो हिस्सा | विगतको आय विश्लेषण |
| साना सवारी कर | साना सवारी करको दर्ता विवरण |
| घर रजिस्ट्रेसनको दस्तुर आफ्नो हिस्सा | विगतको आयको विश्लेषण |
| जडीबुटी, कवाडी र जीवजन्तु कर | विगतको आयको विश्लेषण |
| नदीजन्य पदार्थको बिक्री वितरण | विगतको आयको विश्लेषण र सम्भाव्यता अध्ययन विश्लेषण तथा EIA वा IEE ले दिएको परिमाण |
| साधारण निर्वाहमुखी खनिज पदार्थको बिक्री वितरण | विगतको आयको विश्लेषण र सम्भाव्यता अध्ययन विश्लेषण |
| नक्सा पास दस्तुर | विगतको आयको विश्लेषण र नक्सा पास विवरण |
| व्यक्तिगत घट्ना दस्तुर | विगतको आयको विश्लेषण |
| बहाल बिटौरी कर | विगतको आयको विश्लेषण |
| पार्किंग शुल्क | विगतको आयको विश्लेषण र सम्भाव्यता अध्ययन |
| अन्य सेवा शुल्क दस्तुर | विगतको आयको विश्लेषण र नया सेवाको अवस्था |

## ४. स्थानीय तहका आय **प्रक्षेपणका विधिहरू**

१) सर्वेक्षण विधि (Survey Methods)

(क) संघीय प्रणाली कार्यन्वयनमा आएपछि स्थानीय तहहरूको पुन: संरचना गरिएको र कतिपय स्थानीय तहहरूमा स्थानीय आयको विगतको तथ्याङ्क उपलब्ध नभएकाले संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा उल्लेख गरिएका स्थानीय आयको स्रोतको सम्भाव्यता के कति छ यसको सर्वेक्षण गरी यसको नक्साङ्कन तथा प्रारम्भिक अनुमान गर्न यो विधि प्रयोग गरिन्छ।

(ख) उदाहरणको लागि व्यबसाय करको प्रक्षेपण गर्दा तथ्याङ्क सङ्कलक खटाई गाउँपालिका तथा नगरपालिकाको क्षेत्रमा के कति व्यबसाय छन भनी तथ्याङ्क सङ्कलन गर्न सक्छ। यस सम्बन्धी

नमूना ढाँचा तल प्रस्तुत गरिएको छ। निर्वाचन भएको पहिलो वर्ष यस विधि प्रयोग गरी स्थानीय तहहरुले राजस्व प्रक्षेपण गर्दा उचित हुने गर्दछ।

*तालिका 4: आधारभूत सर्वेक्षण*

| व्यबसायको नाम | संङ्ख्या | करको प्रस्तावित दर | व्यबसाय प्रक्षेपित करको रकम |
|---|---|---|---|
| 1. मोबाईल फोन बिक्री पसल | १० | ५००० | ५०००० |
| 2. मोटर कार बिक्री शोरूम | २ | ५०००० | १००००० |
| 3. मोटरसाइकल बिक्री शोरूम | ५ | २५००० | १२५००० |
| 4. साइकल बिक्री शोरुम | ३ | ३००० | ९००० |
| 5. चिकित्सकको क्लिनिक | ७ | १०००० | ७०००० |
| 6. कविराजको क्लिनिक | ४ | ५००० | २०००० |
| 7. शैक्षिक परामर्श सेवा | ३ | ५००० | १५००० |
| 8. पान पसल | ५ | २००० | १०००० |
| 9. मासु विक्रेता | २ | १००० | २००० |
| जम्मा व्यबसाय कर | | | |

२) निः शर्त वृत्ती विश्लेषण विधि (Unconditional Trend Analysis Methods)

यसमा विगत आर्थिक वर्षको तथ्याङ्कलाई आधार मानी आय प्रक्षेपण गरिन्छ। उदाहरणको लागि कुनै नगरपालिकाको आगामी आर्थिक वर्षको सम्पत्ती करको प्रक्षेपण गर्नु पर्दा विगत आर्थिक वर्षको सो करको वृद्धि दर विश्लेषण गरी विभिन्न विधिवाट यसको प्रक्षेपण गरिन्छ। यो विधि सरल हुन्छ र एक्से लमा राखेर सजिलै प्रक्षेपण गर्न सकिन्छ । तुलनात्मकरूपमा आयमा धेरै उतारचढाव नहुने र आय करिब करिब हुने अवस्थामा यो विधि प्रयोग गरिन्छ। आय प्रक्षेपण भनेको विज्ञान र कला दुबै भएकाले यसमा वस्तुगत विधिमा मात्र भर नपरेर यसका विषयगत पक्ष (Subjecive Aspect) लाई समेत ध्यानमा राख्नु पर्छ।निःशर्त वृत्ती विश्लेषण विधिभभित्र पनि विभिन्न उप-विधिहरु रहेका छन जसको संक्षिप्त चर्चा तल गरिएको छ।

क) एक्सेलको प्रक्षेपण सूत्रमा आधारित प्रक्षेपण (Excel based forecasting method): यो विधिमा Time Series तथ्याङ्कमा प्रयोग गरिन्छ। उदाहरणका लागि कुनै एक नगरपालिकाको साना सवारी करको रकम देहाय अनुसार रहेको छ भने Microsoft Excel को forecast formula बाट यसलाई सजिलैसँग प्रक्षेपण गर्न सकिन्छ।

*तालिका 5: निःशर्त वृत्ती विश्लेषण विधि*

# अनुसूची २
## (दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)

| आर्थिक वर्ष (x) | साना सवारी कर (रू हजारमा) (y) |
|---|---|
| २०६९/०७० | २४० |
| २०७०/०७१ | ३०० |
| २०७१/०७२ | ३३३ |
| २०७२/०७३ | ३२८ |
| २०७३/०७४ | ३५५ |
| २०७४/०७५ | ४३१ |
| २०७५/०७६ | ४९० |
| २०७६/०७७ | ४९९ |
| २०७७/०७८ | **५१०** |
| २०७८/०७९ | **५२५** |
| २०७९/०८० | **५३०** |
| २०८०/०८१ | |
| आर्थिक वर्ष **२०८०/०८१** का लागि प्रक्षेपण रकम | **५९६** |

- forecast formula: = *forecast (x, known $y_s$, known $x_s$)*
- x = आर्थिक वर्ष 2077/078,
- known $y_s$ भन्नाले आर्थिक वर्ष २०६९/०७०- २०७६/०७७ सम्मको साना सवारी साधन कर
- known x भनेको २०६९/०७०- २०७६/०७७ cell

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**




| | A | B | C |
|---|---|---|---|
| 1 | २०६९ | २४० | |
| 2 | २०७० | ३०० | |
| 3 | २०७१ | ३३३ | |
| 4 | २०७२ | ३२८ | |
| 5 | २०७३ | ३५५ | |
| 6 | २०७४ | ४३१ | |
| 7 | २०७५ | ४९० | |
| 8 | २०७६ | ४९९ | |
| 9 | २०७७ | ५१० | |
| 10 | २०७८ | ५२५ | |
| 11 | २०७९ | ५३० | |
| 12 | २०८० | | ५९५.९८ |
| 13 | | | |

ख) विगतको राजस्वको वृद्धि प्रतिशतको औसत वृद्धि दरको आधार (Moving Average Growth Rate Method) : यस विधिमा देहायको सूत्र प्रयोग गरी औसत वृद्धि प्रतिशत निकाल्ने गरिन्छ। यसलाई Multiplicative Trend विधि पनि भन्ने गरिन्छ। उदाहरणका लागि कुनै एक पुरानो नगरपालिकाको आर्थिक वर्ष २०७२/०७३ देखि २०७९/०८० को लागि व्यवसाय करको तल उल्लेख गरिएको छ। यस नगरपालिकाले औसत वृद्धिदर ११ प्रतिशतलाई आधार मानी व्यवसाय करको आय प्रक्षेपण गर्न सक्दछ।

*तालिका 6: औसत वृद्धि दरबाट प्रक्षेपण*

| आर्थिक वर्ष | व्यबसाय कर (रू लाखमा) | गुणात्मक वृत्ति (Multiplicative Trend) | विवरण | प्रतिशत वृद्धि |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| 2072/73 | 15.90 | | - | |
| 2073/74 | 17.94 | 1.13 | 17.94÷15.90 | 13 |
| 2074/75 | 20.23 | 1.13 | 20.23÷17.94 | 13 |
| 2075/76 | 21.75 | 1.08 | 21.75÷20.93 | 0.08 |
| 2076/77 | 23.04 | 1.06 | 23.04÷21.75 | 0.06 |
| 2077/78 | 27.18 | 1.18 | 27.18÷23.04 | 18 |
| 2078/79 | 29.82 | 1.10 | 29.82÷27.18 | 10 |
| 2079/80 | **33.13** | | | 11 |
| औसत वृद्धि दर | | **1.11** | (1.13+1.13+1.08+1.06+1.18+1.10)/6= **1.11** | |

- आर्थिक वर्ष 2079/80 को प्रक्षेपण रकम = आ.व 2078/79 को व्यबसाय कर रकम × औसत प्रतिशत वृद्धि दर
  = 29.82 × 1.11
  **= 33.13**

- Step 1: Calculate Miltiplicative Trend: Current Revenue/Past. Revcenue
- Step 2: Calculate moving average 2073/74- 2078/79
- Step 3: Forcast for 2079/80 = 29.82 × 1.11

ग) गत आर्थिक वर्षको वृद्धि दर विधि (Last Year Growth Rate Method): यस विधिमा गएको आर्थिक वर्षको वृद्धि दरलाई आधार मानी आगामि आर्थिक वर्षको आयको प्रक्षेपण गरिन्छ। यसमा गत आर्थिक वर्षमा जुन दरले वृद्धि भएको छ सोही दरमा आगामी आर्थिक वर्षमा आय वृद्धि हुने अनुमान गरिन्छ। यसको एक उदाहरण तल प्रस्तुत गरिएको छ।

*तालिका 7: ग) गत आर्थिक वर्षको वृद्धि दरबाट प्रक्षेपण विधि*

| आर्थिक वर्ष | व्यबसाय कर (रू लाखमा) |
|---|---|
| 2072/73 | 15.90 |
| 2073/74 | 17.94 |
| 2074/75 | 20.23 |
| 2075/76 | 21.75 |
| 2076/77 | 23.04 |
| 2077/78 | 27.18 |
| 2078/79 | 29.82 |
| 2079/80 | **33.13** |

## अनुसूची २

### (दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)

| | |
|---|---|
| आर्थिक वर्ष २०७९/80 को प्रक्षेपण | **29.82×29.82/27.18 = 32.72** |




| | B | C | D | E |
|---|---|---|---|---|
| 24 | | आर्थिक वर्ष | व्यवसाय कर (रू लाखमा) | |
| 25 | | २०७२/७३ | १५.९० | |
| 26 | | २०७३/७४ | १७.९४ | |
| 27 | | २०७४/७५ | २०.२३ | |
| 28 | | २०७५/७६ | २१.७५ | |
| 29 | | २०७६/७७ | २३.०४ | |
| 30 | | २०७७/७८ | २७.१८ | |
| 31 | | २०७८/७९ | २९.८२ | |
| 32 | | २०७९/८० | ३२.७२ | |

घ) गुणात्मक वृत्ति विधिबाट बहुवर्षीय प्रक्षेपण (Multi Year Forecating Using Multiplicative Trend): विगत आर्थिक वर्षको आयको आधारमा गुणात्मक वृद्धि दर औसत दर निर्धारण गरी यसै दरको आधारमा आगामी वर्षहरुको आय प्रक्षेपण गरिन्छ। स्थानीय तहहरुले मध्यकालीन खर्च संरचनाको प्रयोजनका लागि यस विधिलाई प्रयोगमा ल्याउन सक्छन्। उदाहरणको लागि कुनै गाउँपालिकाको मनोरञ्जन करलाई देहाय बमोजिम प्रक्षेपण गर्न सकिन्छ।

| आर्थिक वर्ष | मनोरञ्जन कर | गुणात्मक वृत्ती (Multiplicative Trend) |
|---|---|---|
| 2075/76 | 5408 | |
| 2076/77 | 5787 | 1.07 |
| 2077/78 | 6270 | 1.08 |
| 2078/79 | 6639 | 1.06 |
| औसत गुणात्मक बृद्धि दर | | 1.07 |
| आर्थिक वर्ष | प्रक्षेपण गरिएको रकम | विवरण |
| 2079/80 | 7109 | 6639*1.07 |
| 2080/81 | 7612 | 7109*1.07 |
| 2081/82 | 8151 | 7612*1.07 |

## अनुसूची २

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

| | | |
|---|---|---|
| 2082/83 | 8729 | 8151*1.07 |
| 2083/84 | 9347 | 8729*1.07 |



D31 =AVERAGE(D28:D30)

| | A | B | C | D | E |
|---|---|---|---|---|---|
| 25 | | | | | |
| 26 | | आर्थिक वर्ष | मनोरञ्जन कर | गुणात्मक वृत्ती (Multiplicative Trend) | |
| 27 | | २०१४ | ५४०८ | | |
| 28 | | २०१५ | ५७८७ | १.०७ | |
| 29 | | २०१६ | ६२७० | १.०८ | |
| 30 | | २०१७ | ६६३९ | १.०६ | |
| 31 | | औसत गुणात्मक बृद्धि दर | | १.०७ | |
| 32 | | २०१८ | ७१०९ | ६६३९*१.०७ | C30*D31 |
| 33 | | २०१९ | ७६१२ | ७१०९*१.०७ | C32*D31 |
| 34 | | २०२० | ८१५१ | ७६१२*१.०७ | C33*D31 |
| 35 | | २०२१ | ८७२९ | ८१५१*१.०७ | C34*D31 |
| 36 | | २०२२ | ९३४७ | ८७२९*१.०७ | C35*D31 |
| 37 | | | | | |

ङ) Compound Annual Growth Rate Method: यो विधिमा देहायको सूत्र प्रयोग गरी Microsoft Excel मा विगतको Compound Annual Growth Rate निकाली सोही आधारमा आगामी आर्थिक वर्षको लागि प्रक्षेपण गरिन्छ। उदहारणका लागि कुनै एक नगरपालिकाको बहाल कर यसको Compound Annual Growth Rate देहाय बमोजिम निकाल्न सकिन्छ।

$$CAGR = \left(\frac{Final\ Value}{Starting\ Value}\right)^{\frac{1}{N}} - 1$$

| आर्थिक वर्ष | बहाल कर (रू हजारमा) |
|---|---|
| २०७०/०७१ | १२३५ |
| २०७१/०७२ | १४२६ |
| २०७२/०७३ | १८९२ |
| २०७३/०७४ | २००१ |
| २०७४/०७५ | २४६९ |

## अनुसूची २

### (दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)

| | |
|---|---|
| २०७५/०७६ | ३२५७ |
| Compound Annual Growth Rate (CAGR) = 21.40 % | |
| CAGR = ((Ending Value /Beginning Value)^(1/No of Years)) -1<br>End Value = 3257; Beginning Value = 1235; No of Years = 5 | |
| नोटः<br>No of Years मा Base Year समावेश गरिन्न। यसैले यहाँ ५ वर्ष राखिएको छ<br>Compound Annual Growth Rate जहिले पनि % मा हुने गर्दछ। | |
| यसमा आर्थिक वर्ष २०७६/०७७ का लागि बहाल कर प्रक्षेपण गर्नु पर्दा रू ३२५७ मा २१.४० % थप गरी प्रक्षेपण गर्नु पर्छ जुन रकम यहाँ ३२५७(१+.०.२१४०) = रू ३९५४ हुन आउँदछ। | |
| $CAGR = \left[\frac{\text{End value}}{\text{Beginning value}}\right]^{[1/years]} - 1$ | |




| | A | B | C | D | E |
|---|---|---|---|---|---|
| 40 | | | आर्थिक वर्ष | आय रकम (रू हजारमा) | |
| 41 | | | २०७३/०७४ | १२३५ | |
| 42 | | | २०७४/०७५ | १४२६ | |
| 43 | | | २०७५/०७६ | १८९२ | |
| 44 | | | २०७६/०७७ | २००१ | |
| 45 | | | २०७७/०७८ | २४६९ | |
| 46 | | | २०७८/०७९ | ३२५७ | |
| 47 | | | Compound Annual Growth Rate | ०.२१४० | २१.४०% |
| 48 | | | २०७९/८० को प्रक्षेपण | ३९५४ | ३२५७*१.२१४० |

**अनुसूची २**
**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

# परिच्छेद - ५

# राजस्व सुधारका लागि गरिने क्रियाकलापहरू

## १. राजस्व हेर्ने संस्थागत संरचनाको स्थापना

१) राजस्व प्रशासनको लागि गाउँपालिका तथा नगरपालिकाले आफ्नो आन्तरिक आयको आकार र कारोबार र कार्यबोझ विश्लेषणको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सभाबाट आवयश्यक दरबन्दी र यसको संगठन संरचना स्वीकृत गरी राजस्वको प्रशासन र व्यवस्थापन गर्ने राजस्व शाखा वा महाशाखा स्थापना गर्नु पर्दछ। राजस्व शाखा वा महाशाखा स्थानीय बासिन्दासँग नियमित सम्पर्कमा रहने निकाय भएकाले नागरिकलाई सहज हुने गरी मूल भवनमा स्थापना गर्नु पर्छ।

२) राजस्व हेर्ने शाखा वा महशाखाले आन्तरिक आयको प्रक्षेपण, राजस्व सङ्कलन, राजस्व सङ्कलनमा वडा कार्यालयलाई सहजीकरण, राजस्वको अभिलेख, आन्तरिक आयका स्रोतको सर्वेक्षण, करदाता शिक्षा आदि कार्यहरू गर्दछ। यसले राजस्व सूधार कायन्वयन कार्ययोजना नार्यन्वयनको सम्पर्क निकायको रूपमा समेत कार्य गर्छ। राजस्व शाखा वा महाशखाका रहने टेवल, कुर्सी, काउण्टर, करदाता कक्ष जस्ता भौतिक सामग्री समेत करदाता मैत्री हुनु पर्छ। करदाता सहजीकरण कक्षमा स्थानीय आय सम्बन्धी सूचनामूलक सामग्रीहरू समावेश गर्नु पर्छ। राजस्व शाखाको कार्यविवरण अनुसूची-८ मा उल्लेख गरिएको छ।

## २. स्थानीय तह राजस्व परामर्श समितिको संस्थागत क्रियाशीलता

१) ***स्थानीय तह राजस्व परामर्श समितिको गठन:*** *स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ ले हरेक स्थानीय तहमा* देहायको संरचना र जिम्मेवारी सहितको एक स्थानीय तह राजस्व परामर्श समितिको व्यवस्था गरेको छ। यस समतिलाई राजस्वको अनुमान तयार पार्ने, राजस्व दरहरूको सिफारिश गर्ने, राजस्वको प्रक्षेपण, राजस्वको परामर्श गर्ने लगायतका जिम्मेवारि दिइएको छ। स्थानीय तहको दिगो राजस्व सुधारको लागि यो संस्थाको क्रियाशीलता र क्षमता विकास जरूरी छ।

क) ***स्थानीय राजस्व परामर्श समितको संरचना***

| पदाधिकारी वा प्रतिनिधि | पद | संख्या |
|---|---|---|
| १. गाउँपालिकाको हकमा उपाध्यक्ष र नगरपालिकाको हकमा उपप्रमुख | संयोजक | १ |
| २. प्रमुख प्रशासकीय अधिकृत | सदस्य | १ |
| ३. कार्यपापलिकाले तोकेको कार्यपालिकाको सदस्य मधयेबाट एक जना महिला सहित दुई जना | सदस्य | २ |
| ४. निजी क्षेत्रका उद्योग वाणिज्य सम्बन्धी मान्यताप्राप्त संस्थाको गाउँ वा नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य | १ |
| ५. घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको नगर | सदस्य | १ |

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

| | | |
|---|---|---|
| वा गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | | |
| ६. कार्यपालिकाको राजस्व महाशाखा विभाग वा शाखा प्रमुख | सदस्य-सचिव | १ |
| जम्मा | | ७ |
| नोटः स्थानीय तह राजस्व परामर्श समितिले आफ्नो बैठकको निर्यणबाट आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा अन्य सरोकारवालालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ। | | |

*ख) स्थानीय राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार*

(क) राजस्व सम्बन्धी नीति र कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने।

(ख) राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुने राजस्वको अनुमान गर्ने।

(ग) राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने।

(घ) स्थानीय उद्योग तथा व्यवसाय प्रवर्धन र रोजगारी सृजनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा परामर्श दिने।

(ङ) कर राजस्व, गैर कर राजस्व, सेवा, शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने।

(च) राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक परामर्श दिने।

ग) *राजस्व परामर्श समितिको बैठकः* समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुने गर्दछ। राजस्व प्रशासन हेर्ने शाखा वा महाशाखाले यसको सचिवालयको कार्य गर्दछ। बैठकका निर्णयहरूको माइन्यूटको अभिलेख सोही शाखाले राख्नु पर्छ।

२) ***स्थानीय तह राजस्व परामर्श समितिको पदाधिकारीको अभुमुखीकरण:*** गाउँपालिका तथा नगरपालिकाले प्रदेश प्रशिक्षण प्रतिष्ठान वा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहयोगमा स्थानीय तह राजस्व परामर्श समितिका पदाधिकारीलाई स्थानीय आयको विविध पक्ष र राजस्व सुधार योजनाको सम्बन्धमा अभिमुखीकरण कार्यक्रम संचालन गर्नु पर्छ। यस अभिमुखीकरण कार्यक्रममा स्रोत व्यक्तिहरू आमन्त्रण गर्नु पर्छ।

३) ***स्थानीय तह राजस्व परामर्श समितिको पदाधिकारीको वार्षिक कार्ययोजना निर्माण र कार्यन्वयन:*** गाउँपालिका तथा नगरपालिकाको राजस्व हेर्ने शाखा वा महाशाखाले राजस्व परामर्श समितिको अनुसूची-९ को ढाँचामा वार्षिक कार्ययोजना निर्माण गरी समितिबाट स्वीकृत गरी यसलाई कार्यन्वयन गर्नु पर्छ। समितिको बैठकमा यसको प्रगति समिक्षा समेत गर्नु पर्छ।

*राजस्व परामर्श समितिका जिम्मेवारीहरू*

## अनुसूची २
**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

- राजस्व नीति र कानूनको सम्बन्धमा परामर्श
- आगामी आर्थिक वर्षका लागि राजस्व अनुमान
- कर, गैरकर, सेवा शुल्क, दस्तुरका सम्बन्धमा परामर्श
- आन्तरिक आयको विश्लेषण र प्रक्षेपण
- राजस्व प्रशासन सुधारका लागि परामर्श
- राजस्व क्षमता विकास

### ३. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको संस्थागत क्रियाशीलता

१) **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको गठन**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ मा हरेक पालिकाहरूमा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न देहाय बमोजिमको एक स्रोत अनुमान तथा बजेट निर्धारण समिति रहने व्यवस्था गरिएको छ।

(क) ***स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति***

| पदाधिकारी वा प्रतिनिधि | पद | संख्या |
|---|---|---|
| १. गाउँपालिकाको हकमा अध्यक्ष र नगरपालिकाको हकमा प्रमुख | संयोजक | १ |
| २. उपाध्यक्ष वा उपप्रमुख | सदस्य | १ |
| ३. कार्यपालिकाका सदस्यहरूमध्ये महिला, दलित, वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी अध्यक्ष वा प्रमुखले तोकेको चार जना सदस्यहरू | | ४ |
| ४. प्रमुख प्रशासकीय अधिकृत | सदस्य | १ |
| जम्मा | | ७ |
| नोटः कार्यपालिकाका सदस्य तोक्दा अध्यक्ष वा प्रमुखले आफू सम्वद्ध राजनीतिक दल बाहेकको सदस्य समेतलाई तोक्नु पर्नेछ। तर कार्यपालिकामा अन्य राजनीतिक दलको प्रतिनिधित्व नभएको अवस्थामा यो उपदफाको व्यवस्था लागू हुने छैन। | | |

(ख) *स्रोत अनुमान तथा बजेट निर्धारण समितिको काम कर्तव्य अधिकारः*

(क) आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण र अन्य आयको प्रक्षेपण गर्ने,

## अनुसूची २

### (दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)

(ख) राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने,

(ग) आगामी आर्थिक वर्षको लागि स्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गर्ने,

(घ) विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने,

(ङ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणको आधार तय गर्ने।

(च) विषय क्षेत्रगत बजेट तर्जुमा सम्बन्धित मार्गदर्शन तय गर्ने,

(छ) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धमा स्थानीय तहको आवश्यकता र निर्णय बमोजिमका अन्य कार्यहरू गर्ने।

(ग) **स्रोत अनुमान तथा बजेट निर्धारण समितिको कार्यविधि**

(क) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित कर्मचारी र विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(ख) समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(ग) समितिले आफ्नो कार्य प्रत्येक वर्षको **बैशाख १० गते** भित्र सम्पन्न गरिसक्नु पर्नेछ र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत गर्नु पर्नेछ।

(घ) समितिबाट तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रत्येक वर्षको **बैशाख** पन्ध्र गतेभित्र प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका वा नगरपालिकाका विषयगत महाशाखा, शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्नेछ।

(ङ) बुँदा घ बमोजिम प्राप्त बजेटको सीमाभित्र रही विषयगत महाशाखा, शाखा तथा वडा समितिले गाउँपालिका वा नगरपालिकाको योजना, आयोजना, कार्यक्रम र अनुमानित बजेट तर्जुमा गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ।

२) ***स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका पदाधिकारीको अभिमुखीकरण:*** गाउँपालिका तथा नगरपालिकाले प्रदेश प्रशिक्षण प्रतिष्ठान वा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहयोगमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका पदाधिकारीलाई समतिका कार्य जिम्मेवारीका सम्बन्धमा अभिमुखीकरण कार्यक्रम संचालन गर्नु पर्छ। यस अभिमुखीकरण कार्यक्रममा स्रोत व्यक्तिहरू आमन्त्रण गर्न सकिन्छ।

३) ***स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका पदाधिकारीको वार्षिक कार्ययोजना निर्माण र कार्यान्वयन:*** गाउँपालिका तथा नगरपालिकाले स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका वार्षिक कार्ययोजना निर्माण गरी सो समितिबाट स्वीकृत गरी यसलाई कार्यान्वयन गर्नु पर्छ। समितिको बैठकमा यसको प्रगति समीक्षा समेत गर्नु पर्छ।

**अनुसूची २**
**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

४) स्थानीय तहका **स्रोतहरू अनुमान तयार गर्ने** : स्थानीय तहको आय स्रोतको अनुमान तयार गर्दा मध्यकालीन खर्च संरचनालाई आधार मानी तयार गर्नु पर्छ। गाउँपालिका तथा नगरपालिकाले देहायका स्रोतको विश्लेषण गरी यो अनुमान तयार गर्नु पर्छ।

१. स्थानीय तहको आय स्रोत

| क्रम संङ्ख्या | स्थानीय तहका आय स्रोतहरू |
|---|---|
| १. | नेपाल सरकारले उपलब्ध गराउने वित्तीय समानीकरण अनुदान |
| २. | नेपाल सरकारले उपलब्ध गराउने स:शर्त अनुदान |
| ३. | नेपाल सरकारले उपलब्ध गराउने परियोजना अनुदान |
| ४. | नेपाल सरकारले उपलब्ध गराउने राजस्व बाँडफाँट वापतको रकम |
| ५. | नेपाल सरकारबाट प्राप्त समपुरक अनुदान |
| ६. | नेपाल सरकारबाट प्राप्त विशेष अनुदान अनुदान |
| ७. | नेपाल सरकारबाट प्राप्त रोयल्टि बाँडफाँट वापतको रकम |
| ८. | प्रदेश सरकारले उपलब्ध गराउने वित्तीय समानीकरण अनुदान |
| ९. | प्रदेश सरकारले उपलब्ध गराउने स:शर्त अनुदान |
| १०. | प्रदेश सरकारले उपलब्ध गराउने परियोजना अनुदान |
| ११. | प्रदेश सरकारले उपलब्ध गराउने राजस्व बाँडफाँट वापतको रकम |
| १२. | प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान |
| १३. | प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान अनुदान |
| १४. | प्रदेश सरकारबाट प्राप्त रोयल्टि बाँडफाँट वापतको रकम |
| १५. | गाउँपालिका वा नगरपालिकाको स्थानीय आन्तरिक आय |
| १६. | नगरपालिकाको हकमा नगर विकास समितिबाट प्राप्त हुन सक्ने परियोजना ऋण |
| १७. | विविध आय |

२. स्थानीय तहका आय स्रोतहरू र यसको अनुमान

| पालिकाको आय स्रोत | यसको अनुमान |
|---|---|
| संघबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान | फागुन मसान्त भित्रमा नेपाल सरकारबाट अनुमानित विवरण प्राप्त हुने |
| प्रदेशबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान | चैत्र मसान्तभित्र प्रदेश सरकारबाट अनुमानित विवरण प्राप्त हुने |
| सङ्घबाट प्राप्त हुने राजस्व बाँडफाँट बापतको रकम | फागुन मसान्तभित्रमा नेपाल सरकारबाट अनुमानित विवरण प्राप्त हुने |
| प्रदेशबाट प्राप्त हुने सवारी साधनको राजस्व बाँडफाँट बापतको रकम | चैत्र मसान्तभित्र प्रदेश सरकारबाट अनुमानित विवरण प्राप्त हुने |
| संघबाट प्राप्त हुने सःशर्त अनुदान | संघबाट प्रप्त विवरण अनुसार |
| प्रदेशबाट प्राप्त हुने सःशर्त अनुदान | प्रदेशबाट प्राप्त विवरण अनुसार |

## अनुसूची २

## (दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)

| | |
|---|---|
| संघबाट प्राप्त हुन सक्ने समपुरक अनुदान | संघबाट प्राप्त सीमा अनुसार |
| प्रदेशबाट प्राप्त हुन सक्ने समपुरक अनुदान | प्रदेशबाट प्राप्त सीमा अनुसार |
| संघबाट प्राप्त हुन सक्ने विशेष अनुदान | प्रदेशबाट प्राप्त सीमा अनुसार |
| प्रदेशबाट प्राप्त हुने विशेष अनुदान | प्रदेशबाट प्राप्त सीमा अनुसार |
| सम्पत्ती कर | विगतको आम्दानी, नक्सा पासको स्थिति, घरको तथ्याङ्क सङ्कलन आदि |
| व्यवसाय कर | विगतको आयको विश्लेषण र व्यवसाय दर्ता विवरण र वार्षिक सर्भेक्षण |
| मालपोत | विगतको आय विश्लेषण र सर्भेक्षण |
| घर तथा जग्गामा लाग्ने बहाल कर | विगतको आय विश्लेषण र घर धुरी सर्भे आदि |
| मनोरञ्जन करको आफ्नो हिस्सा | विगतको आय विश्लेषण र सर्भे |
| विज्ञापन करको आफ्नो हिस्सा | विगतको आय विश्लेषण |
| साना सवारी कर | साना सवारी करको दर्ता विवरण |
| घर रजिस्ट्रेसनको दस्तुर आफ्नो हिस्सा | विगतको आयको विश्लेषण |
| जडीबुटी, कवाडी र जीवजन्तु कर | विगतको आयको विश्लेषण |
| नदीजन्य पदार्थको बिक्री वितरण | विगतको आयको विश्लेषण र सम्भाव्यता अध्ययन विश्लेषण |
| साधारण निर्वाहमुखी खनिज पदार्थको बिक्री वितरण | विगतको आयको विश्लेषण र सम्भाव्यता अध्ययन विश्लेषण |
| नक्सा पास दस्तुर | विगतको आयको विश्लेषण र नक्सा पास विवरण |
| व्यक्तिगत घट्ना दस्तुर | विगतको आयको विश्लेषण |
| बहाल बिटौरी कर | विगतको आयको विश्लेषण |
| पार्किंग शुल्क | विगतको आयको विश्लेषण र सम्भाव्यता अध्ययन |
| अन्य सेवा शुल्क दस्तुर | विगतको आयको विश्लेषण र नया सेवाको अवस्था |



**अनुसूची २**
**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

## ४. राजस्व व्यवस्थापनमा संलग्न जनशक्तिको क्षमता विकास

१. राजस्व क्षमता विकासको पाठ्यक्रम निर्माण: राजस्व व्यवस्थापनमा संलग्न कर्मचारीहरूको आय प्रक्षेपण, सूत्रको प्रयोग, आयको वार्षिक अनुमान, आर्थिक ऐनको निर्माण, राजस्व ठेक्का व्यवस्थापन, स्थानीय कर सम्बन्धी अवधारणालाई समेटी विभिन्न क्षमता विकास सम्बन्धी प्याकेजहरू तयार गरी यसको पाठ्यक्रम कार्यपालिका बैठकबाट स्वीकृत गराउनु पर्छ।

२. क्षमता विकास सम्बन्धी क्रियाकलाप सञ्चालन गर्ने: स्वीकृत पाठ्यक्रमको आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, प्रदेश प्रशिक्षण प्रतिष्ठान जस्ता निकायको प्राविधिक सहयोगमा यस सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु पर्छ। यी निकायहरूले उनीहरुकै आफ्नो स्रोतमा पनि तालिम कार्यक्रमहरू संचालन गर्न सक्छन।

## ५. स्थानीय आयका स्रोतको नक्साङ्कन र दररेट विश्लेषण

१) स्थानीय आयको स्रोतको नक्साङ्कन: राजस्व शाखा वा महाशाखाले आफ्नो स्थानीय तहभित्र स्थानीय आय दिने देहायका स्रोतहरू के कति छन भनी नक्साङ्कन गर्नु पर्छ।

क) स्थानीय क्षेत्रमा रहेका भवन र सो को आकार प्रकार

ख) स्थानीय क्षेत्रमा रहेका नदी र सो बाट प्राप्त हुने नदीजन्य पदार्थ जस्तै ढुङ्गा, गिट्टी, बालुवा जस्दा दहत्तर र बहत्तरको वार्षिक परिमाण

ग) स्थानीय क्षेत्रमा प्रयोगमा साय रहेका खानी र सो बाट उत्खनन गर्न सकिने ढुङ्गा, गिट्टी, बालुवा जस्ता निर्माणजन्य पदार्थको वार्षिक परिमाण

घ) स्थानीय क्षेत्रमा रहेका नदीले बगाई स्थानीय तहले उपयोगमा ल्याउन सक्ने बनजन्य काठ, दाउरा जस्ता बन जन्य दहत्तर बहत्तरको वार्षिक परिमाण

ङ) स्थानीय क्षेत्रमा रहेका ताल पोखरी र सो मा रहेका माछाको वार्षिक परिमाण

च) स्थानीय क्षेत्रमा रहेका पर्यटकीय ताल पोखरीमा आउने पर्यटकको वार्षिक परिमाण

छ) स्थानीय क्षेत्रमा रहेका उद्योग र व्यबसायको स्थानगत विवरण यसको वार्षिक कारोवारको परिमाण

ज) स्थानीय तहको स्वमित्वमा रहेका बहाल विटौरीमा रहेका जमिनको स्थानगत विवरण

झ) मालपोत करको दायरमा आउने जमिनको विवरण

ञ) विज्ञापन करको दायरामा आउने विज्ञापन सामग्रीको विवरण

ट) मनोरञ्जन करको दायरमा आउने मनोरञ्जन हल तथा अन्य क्षेत्रहरू

ठ) स्थानीय क्षेत्रमा रहेका जिपफ्लायर, बन्जिजम्पिंग, केवल कार, क्यानोनिआंग आदिको स्थानगत विवरण र वार्षिक कारोवार

ड) स्थानीय क्षेत्रबाट उठ्न सक्ने कवाडीको स्रोत र यसको वार्षिक परिमाण

ढ) अन्य विवरण

२) स्थानीय आयको स्रोतको दर रेट विश्लेषण: राजस्व शाखा वा महाशाखाले आफ्नो स्थानीय तहभित्र रहेको आय स्रोतको नक्साङ्कन गरेपछि सो स्रोतको दर रेटको विश्लेषण गरी हरेक आय स्रोतको लागि दर रेट निर्धारण गर्नु पर्छ। यसरी दर रेट निर्धारण गर्दा आय स्रोतको आधार फराकिलो बनाई यसको दर रेटलाई नागरिकको तिर्न क्षमता बमोजिम निर्धारण गर्नु पर्छ। यसरी दर रेट विश्लेषण गर्दा अन्य स्थानीय तहले के कसरी गरेका छन सो लाई पनि आधार मान्नु पर्छ।

## ६. **स्थानीय आयको** प्रक्षेपण:

१) आय सर्वेक्षण: राजस्व सुधारका लागि गाउँपालिका तथा नगरपालिकाले यस कार्यविधिमा उल्लेख भए बमोजिम आफ्नो आन्तरिक आयको प्रक्षेपण गर्नु पर्छ। यस अघि स्थानीय आयको प्रक्षेपण नगरिएको भएमा आयको स्रोतको सर्वेक्षण गरी यसको प्रक्षेपंण गर्नु पर्दछ र निर्वाचित प्रतिनिधि बहाली भएको पहिलो वर्षमा यस सर्वेक्षणको अद्यावदी गर्नु पर्छ।

२) वृत्ती विश्लेषणबाट आयको प्रक्षेपण: आय सर्वेक्षणको माध्यमबाट आयको प्रक्षेपण गरेपछि भने गाउँपालिका तथा नगरपालिकाले यस कार्यविधिमा उल्लेख गरिएका तथ्याङ्क विधि प्रयोग गरी वृत्ती विश्लेषणबाट स्थानीय आयको प्रक्षेपण गर्नु पर्छ। यसरी प्रक्षेपण गर्दा मध्यकालीन खर्च संरचनालाई आधार मानी तीन आर्थिक वर्षको लागि आयको प्रक्षेपण गर्नु पर्छ

३) स्थति विश्लेषण: स्थानीय आन्तरिक आयको स्थति विश्लेषणमा कुल आय तथा खर्चमा आन्तरिक आयको हिस्सा कति रहेको छ, आन्तरिक आयले चालु र पूँजिगत खर्चको कति प्रतिशत हिस्सा ओगेटको छ, स्थानीय तहको ग्रार्हस्थ्य उत्पादनमा आन्तरिक आयको हिस्सा कति हुन आउँछ, आन्तरिक आयको वृद्धि दर के कति रहेको छ, वृद्धि दरमा कुनै उतार चढाव छ छैन जस्ता विषयहरू विश्लेषण गरिन्छ।

*तालिका 8: स्थिति विश्लेषणका लागि केही प्रश्नहरू*

| | |
|---|---|
| १. | कुल आयमा आन्तरिक आयको हिस्सा कति रहेको छ? |
| २. | कुल खर्चमा आन्तरिक आयको हिस्सा कति रहेको छ? |
| ३. | कुल आन्तरिक आयमा सबै भन्दा बढी योगदान गर्ने आन्तरिक आयका क्षेत्रहरु कुन कुन हुन? |
| ४. | स्थानीय गार्हस्थ्य उत्पादनमा आन्तरिक आयको हिस्सा कति छ? |
| ५. | स्थानीय तहको जनसङ्ख्याको आधारमा प्रति व्यक्ति आन्तरिक आय कति छ? |
| ६. | वडा हरुको आन्तरिक आयको जिनि सूचकको अवस्था कस्तो छ? |
| ७. | आन्तरिक आयको वृद्धि दर कस्तो छ? कुन कुन आन्तरिक आय के कसरी वृद्धि भएको छ? |

## ७. **राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन:**

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

१) यस दिगदर्शनले उल्लेख गरिए बमोजिम स्थानीय तहले राजस्व सुधार योजनामा उल्लेख गरिए बमोजिम राजस्व सुधार कार्ययोजना निर्माण गरी सो योजनामा उल्लेख गरिएको राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन गर्नु पर्छ।

२) राजस्व सुधारको कार्ययोजनको कार्यान्वयनको **अनुसूची- ६** बमोजिम लेखाजोखा गरी यसको मूल्याङ्न समेत गर्नु पर्छ।

# परिच्छेद - ६

# स्थानीय आय क्षमता विकासको रूपरेखा

## १. तालिम सारांश

| | |
|---|---|
| तालिमको उद्‌देश्य | पालिकाहरूको राजस्व शाखामा कार्यरत जनशक्तिलाई स्थानीय करको सम्बन्धमा सैद्धान्तिक र व्यवहारिक ज्ञान र सीप प्रदान गर्नु |
| तालिमको अवधि | ५ दिन |
| तालिम समय | मिति ----- देखि ----- सम्म |
| तालिम हुने स्थान | ---------- |
| तालिम विधि | लेक्चर, श्रव्य दृश्य सामग्री, व्यक्तिगत तथा सामूहिक प्रयोगात्मक अभ्यास, राम्रा अभ्यासको अनुभव साटासाट, केस स्टडी, स्थलगत अवलोकन आदि |
| तालिमका सहभागी | पालिकाहरूका राजस्व शाखामा कार्यरत जनशक्ति |
| तालिमको मोडालिटि | आवासीय तालिम |
| तालिम आयोजक | |
| श्रोत व्यक्तिहरू | |
| अपेक्षित उपलब्धि | तालिम पश्चात पालिकाको आन्तरिक आय स्रोत वृद्धि हुने |
| तालिम प्रतिवेदनको जिम्मेवारी | |
| तालिम संयोजक | |
| तालिम व्यवस्थापनमा संलग्न कर्मचारीहरू | |
| तालिमको मुख्य मुख्य विषय | सम्पत्ती कर, व्यवसाय कर, घर बहाल कर, नक्सा पास दस्तुर, आय ठेक्का, साझा अधिकारका करहरू, आय प्रक्षेपण, आदि |

## तालिम पाठ्यक्रम

| संख्या | तालिमको विषय क्षेत्र | अपेक्षित उपलब्धि | विधि | सामग्री | समय |
|---|---|---|---|---|---|
| १. | स्थानीय करको अवधारणा | स्थानीय करको सैद्धान्तिक अवधारणा | लेक्चर र समूह छलफल | Hands Out, Presentation Slides, Note | ९० मिनेट |

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

| | | | | | |
|---|---|---|---|---|---|
| | | बारेमा जानकारी हुनेछ | | आदि | |
| २. | नेपालमा स्थानीय कर | स्थानीय करको इतिहास र यसको हाल भएको कानुनी व्यवस्थाको बारेमा जानकारी हुनेछ | लेक्चर र छलफल | Hands Out, Presentation Slides, Note आदि | ९० मिनेट |
| ३. | सम्पत्ति कर बारे जानकारी | सहभागीहरूलाई सम्पत्ती करको सैद्धान्तिक र व्यवहारिक पक्षको बारेमा जानकारी हुनेछ | लेक्चर र छलफल | Hands Out, Presentation Slides, Note आदि | ९० मिनेट |
| ४. | सम्पत्ती करको मूल्याङ्कन | सहभागीहरूलाई सम्पत्ती करको दर निर्धारण, Depreciation Methods, सम्पत्तीको मूल्याङ्कन बारे प्रयोगात्मक जानकारी हुनेछ। | प्रयोगात्मक अभ्यास | Case and Excel- based Exercise | ३ घंटा |
| | | दोस्रो दिन | | | |
| ५. | घर जग्गा बहाल कर | सहभागीहरूलाई घर जग्गा बहाल करको अवधारणा र नेपालमा यस सम्बन्धी व्यवस्थाको बारेमा जानकारी हुनेछ | लेक्चर र छलफल | Hands Out, Presentation Slides, Note आदि | ९० मिनेट |
| ६. | घर जग्गा बहाल करको प्रयोगात्मक अभ्यास | सहभागीहरूले घर र जग्गाको बाहल कर के कसरी निर्धारण गर्ने भन्ने जानकारी पाउनेछन् | प्रयोगात्मक अभ्यास | Case and Excel-based Exercise | ३ घंटा |
| ७. | व्यवसाय कर | सहभागीहरूलाई व्यवसाय करको अवधारणा र नेपालमा यस सम्बन्धी व्यवस्थाको बारेमा जानकारी हुनेछ | लेक्चर र छलफल | Hands Out, Presentation Slides, Note आदि | ९० मिनेट |

# अनुसूची २

## (दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | व्यवसाय करको प्रयोगात्मक अभ्यास | सहभागीहरूले व्यवसाय कर के कसरी निर्धारण गर्ने भन्ने जानकारी पाउनेछन् | प्रयोगात्मक अभ्यास | Case and Excel based exercise | २.५ घंटा |
| तेस्रो दिन | | | | | |
| ९. | नदी जन्य पदार्थको आय व्यवस्थापन बारे जानकारी | सहभागीहरूलाई नदी जन्य पदार्थको नेपालमा भएका व्यवस्थाको बारेमा जानकारी हुनेछ | लेक्चर र छलफल | Hands Out, Presentation Slides, Note आदि | ९० मिनेट |
| १०. | नदी जन्य पदार्थको प्रारम्भिक वातावरण परीक्षण बारे जानकारी | सहभागीहरूले नदी जन्य पदार्थको प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदन के कसरी तयार हुन्छ भन्ने जानकारी पाउनेछन् | लेक्चर र छलफल | Hands Out, Presentation Slides, Note आदि | ९० मिनेट |
| ११. | प्रारम्भिक वातावरीण परीक्षण प्रतिवेदनको विश्लेषण | सहभागीहरूले नदी जन्य पदार्थको प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदनको विश्लेषण गर्न सक्नेछन् | प्रयोगात्मक अभ्यास | समूह प्रस्तुती | ३ घंटा |
| १२. | साझा कर अधिकार | सहभागीहरूले साझा कर अधिकार र यसको बाँडफाँट बारेमा जानकारी प्राप्त गर्नेछन्। | लेक्चर र छलफल | Hands Out, Presentation Slides, Note आदि | ९० मिनेट |
| चौथो दिन | | | | | |
| १३. | आर्थिक ऐनको जानकारी | सहभागीहरूले आर्थिक ऐनको ढाँचा बारेमा जानकारी पाउनेछन्। | लेक्चर र छलफल | Hands Out, Presentation Slides, Note आदि | ९० मिनेट |
| १४. | आर्थिक ऐनको निर्माण | सहभागीहरूले आर्थिक ऐन निर्माण गर्ने सीप र ज्ञान प्राप्त गर्नेछन्। | समूह प्रयोगात्मक अभ्यास | Case based exercise | ३ घंटा |
| १५. | कर सुधार कार्य योजना | सहभागीहरूले कर सुधारकाबारेमा जानकारी प्राप्त गर्नेछन् | लेक्चर र छलफल | Hands Out, Presentation Slides, Note आदि | ९० मिनेट |

| | | | | | |
|---|---|---|---|---|---|
| १६. | कर सुधार कार्ययोजना अभ्यास | सहभागीहरूले वार्षिक कर सुधार योजना तयार गर्न सिक्नेछन् | समूह प्रयोगात्मक अभ्यास | Case based exercise | २.५ घंटा |
| | | | पाँचौ दिन | | |
| १७. | स्थानीय करको आय ठेक्का | सहभागीहरूले स्थानीय करको आय ठेक्का व्यवस्थापनबारे जानकारी प्राप्त गर्नेछन् | लेक्चर र छलफल | Hands Out, Presentation Slides, Note आदि | ९० मिनेट |
| १८. | स्थानीय आय ठेक्काको सूचना प्रकाशन | सहभागीहरूले स्थानीय करको आय ठेक्का सूचना कसरी तयार गर्न जान्नेछन्। | प्रयोगात्मक अभ्यास | Case study | ९० मिनेट |
| १९. | राजस्व प्रक्षेपण | सहभागीहरूले राजस्व प्रक्षेपणको बारेमा जानकारी प्राप्त गर्नेछन् | लेक्चर र छलफल | Hands Out, Presentation Slides, Note आदि | ९० मिनेट |
| २०. | राजस्व प्रक्षेपण | सहभागीहरूले राजस्व प्रक्षेपण कसरी गर्ने भन्ने प्रयोगात्मक जानकारी प्राप्त गर्नेछन्। | प्रयोगात्मक अभ्यास | Case study | २.५ घंटा |

## २. तालिम कार्यक्रम (Training Schedule)

| **समय** | **कार्यक्रम** | **जिम्मेवारी/स्रोत व्यक्ति** |
|---|---|---|
| | **पहिलो दिन** | |
| ८:००-९: ०० | बिहानको खाजा र रजिस्ट्रेसन | आयोजक |
| ९:००-१०: ३० | सेसन-१: स्थानीय करको अवधारणा | स्रोत व्यक्ति---- |
| १०:३०-१२: ०० | सेसन-२: नेपालमा स्थानीय कर | स्रोत व्यक्ति---- |
| १२:००-१२:१५ | चिया ब्रेक | आयोजक |
| १२:१५-१३: ३० | सेसन-३: सम्पत्ती करबारे जानकारी | स्रोत व्यक्ति---- |
| १३:३०-१४: १५ | **खानाको समय** | आयोजक |
| १४:१५-१६: १५ | सेसन-४: सम्पत्तिको मूल्याङ्कन, घरको Depreciation, यसको दर निर्धारण सम्बन्धमा Case based प्रयोगात्मक अभ्यास | स्रोत व्यक्ति---- |
| १६:१५-१६: ३० | चिया ब्रेक | आयोजक |

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

| | | |
|---|---|---|
| १६:३०- १८:०० | समूह प्रस्तुति | स्रोत व्यक्ति---- |
| | **दोस्रो दिन** | |
| ८:००-९: ०० | बिहानको खाजा | आयोजक |
| ९:००-१०: ३० | सेसन-५: घर जग्गा बहाल करको जानकारी | स्रोत व्यक्ति---- |
| १०:३०-१२: ३० | सेसन-६: घर जग्गा बहाल करबारे प्रयोगात्मक अभ्यास | स्रोत व्यक्ति---- |
| १२:३०-१३: ३० | सेसन-६: समूह प्रस्तुति | स्रोत व्यक्ति---- |
| १३:३०-१४: १५ | **खानाको समय** | आयोजक |
| १४:१५-१५: ३० | सेसन-७: व्यवसाय करबारे जानकारी | स्रोत व्यक्ति---- |
| १५:३०- १७:०० | सेसन-८: व्यवसाय करको प्रयोगात्मक अभ्यास | स्रोत व्यक्ति---- |
| १७:००- १८:०० | सेसन-९: व्यवसाय करमा समूह प्रस्तुति | स्रोत व्यक्ति---- |
| | **तेस्रो दिन** | |
| ८:००-९: ०० | बिहानको खाजा | आयोजक |
| ९:००-१०: ३० | सेसन-११ :नदी जन्य पदार्थको आय व्यवस्थापन बारे जानकारी | स्रोत व्यक्ति---- |
| १०:३०-१२: ०० | सेसन-१२: प्रारम्भिक वातावरणीय परीक्षणको प्रारूप बारे जानकारी | स्रोत व्यक्ति---- |
| १२:००-१३: ३० | सेसन-१३: प्रारम्भिक वातावरीण परीक्षण प्रतिवेदनको विश्लेषणको समूहगत प्रयोगात्मक अभ्यास | स्रोत व्यक्ति---- |
| १३:३०-१४: १५ | **खानाको समय** | आयोजक |
| १४:१५-१५: ३० | सेसन-१५: प्रारम्भिक वातावरीण परीक्षण प्रतिवेदनको विश्लेषणको समूहगत प्रयोगात्मक अभ्यास | स्रोत व्यक्ति---- |
| १५:३०- १६:३० | सेसन-१६: प्रारम्भिक वातावरीण परीक्षण प्रतिवेदनको विश्लेषणको समूहगत प्रस्तुति | स्रोत व्यक्ति---- |
| १६:३०- १८:०० | सेसन-१७: साझा कर अधिकारबारे जानकारी | स्रोत व्यक्ति---- |
| | **चौथो दिन** | |
| ८:००-९: ०० | बिहानको खाजा | आयोजक |
| ९:००-१०: ३० | सेसन-१८: आर्थिक ऐनबारे जानकारी | स्रोत व्यक्ति---- |
| १०:३०-१२: ३० | सेसन-१९: आर्थिक ऐनको तयारीको लागि समूहगत अभ्यास | स्रोत व्यक्ति---- |
| १२:३०-१३: ३० | सेसन-२०: आर्थिक ऐनको प्रारूपको समूहगत प्रस्तुति | स्रोत व्यक्ति---- |
| १३:३०-१४: १५ | **खानाको समय** | आयोजक |

## अनुसूची २
### (दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)

| | | |
|---|---|---|
| १४:१५-१५: ३० | सेसन-२१: राजस्व सुधार कार्ययोजनाका चरणहरू | स्रोत व्यक्ति---- |
| १५:३०- १६:३० | सेसन-२२: राजस्व सुधार वार्षिक कार्ययोजनामा समूहगत अभ्यास | स्रोत व्यक्ति---- |
| १६:३०- १८:०० | सेसन-२३: राजस्व सुधार कार्ययोजना बारेमा समूहगत प्रस्तुति | स्रोत व्यक्ति---- |
| **पाँचौ दिन** | | |
| ८:००-९: ०० | बिहानको खाजा | आयोजक |
| ९:००-१०: ३० | सेसन-२४: स्थानीय आय ठेक्का व्यवस्थापन बारे जानकारी | स्रोत व्यक्ति---- |
| १०:३०-१२: ३० | सेसन-२५: स्थानीय आय ठेक्का व्यवस्थापनको सूचना र शर्तबारे समूहगत अभ्यास | स्रोत व्यक्ति---- |
| १२:३०-१३: ३० | सेसन-२६: स्थानीय आय ठेक्का व्यवस्थापनको सूचना र शर्तबारे समूहगत प्रस्तुति | स्रोत व्यक्ति---- |
| १३:३०-१४: १५ | **खानाको समय** | आयोजक |
| १४:१५-१५: ३० | सेसन-२७: राजस्व प्रक्षेपणका चरणहरू बारे जानकारी | स्रोत व्यक्ति---- |
| १५:३०- १६:३० | सेसन-२८: राजस्व राजस्व प्रक्षेपण सम्बन्धमा समूहगत अभ्यास | स्रोत व्यक्ति---- |
| १६:३०- १८:०० | सेसन-२९: राजस्व राजस्व प्रक्षेपण सम्बन्धमा अभ्यासको समूहगत प्रस्तुति | स्रोत व्यक्ति---- |

## ३. तालिमको स्रोत सामग्री र प्रस्तुतिकरणमा समावेश गर्नुपर्ने विषय

### १) स्थानीय करको अवधारणा (**Concept of Local Tax**)

| | |
|---|---|
| करको परिभाषा | असल करको सिद्धान्त |
| स्थानीय कर आय र गैर कर आयमा भिन्नता | सेवा शुल्क र दस्तुरमा भिन्नता |
| स्थानीय करको परिभाषा | स्थानीय करका आधारभूत चरित्र (Immovable and Non-Externality) |
| स्थानीय करको सिद्धान्त (Benefit Principle, Ability to Pay Principle, Subsidiarity Principle) | करको दर र कूल कर आयको सम्बन्ध (sLaffer Curve) |
| Richard Musgrave को स्थानीय कर सम्बन्धी सिद्धान्त | स्थानीय कर स्वायत्तता (Local Tax Autonomy)- Tax Base, Tax Rate, Retention of Tax Proceeds, Spending of Tax Amount |
| स्थानीय करसम्बन्धी अन्तरास्ट्रिय अभ्यास | स्थानीय करको उपयोग (Investment and Service Delivery) |

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

२) नेपालमा स्थानीय कर (**Local Tax in Nepal)**

| | |
|---|---|
| स्थानीय कर तथा गैर कर आयको इतिहास (लिच्छवी काल देखि स्थानीय स्वायत्त शासन ऐन, २०५५ सम्म) | संवैधानिक तथा कानुनी व्यवस्था (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सरकार सञ्चालन ऐन, २०७४ व्यवस्था) |
| स्थानीय तहका एकल कर अधिकार | स्थानीय तहको साझा कर अधिकार र यसको व्यवस्थापन |
| स्थानीय राजस्व परामर्श समिति | स्थानीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| स्थानीय करमा देखिएका समसामयिक सवालहरू | स्थानीय करमा देखिएका समस्या सुधारका उपायहरू |

३) **सम्पत्ति** कर

| | |
|---|---|
| सम्पत्ति करको परिभाषा | घर र जग्गाको मूल्याङ्कन |
| सम्पत्ति करको दर निर्धारण | घरको Depreciation Method (Straight Line Methods) |
| सम्पत्ति करमा छुटका प्रावधानहरू | सम्पत्ति करको इतिहास |
| सम्पत्ति करको प्रशासन | सम्पत्ति करको राम्रा अभ्यासहरू |
| सम्पत्ति कर सम्बन्धी अन्तरास्ट्रिय अभ्यास | सम्पत्ति करको प्रयोजनका लागि घरको आधारभूत मापदण्ड |
| भवनको क्षेत्रफल मापनका केही एकाइरू | सम्पत्ति करका समस्या र सुधारका उपायहरू |

४) घर जग्गा बहाल कर

| | |
|---|---|
| घर जग्गा बहालकरको परिभाषा | घर जग्गा बहाल करसम्बन्धी कानुनी व्यवस्था |
| घर जग्गा बहाल कर दरको निर्धारण | घर जग्गा बहालकर सम्बन्धमा केही पालिकाहरूको अभ्यास |
| घर जग्गा बहाल करको इतिहास | घर जग्गा बहाल करको अन्तरास्ट्रिय अभ्यास |

५) व्यवसाय कर

| | |
|---|---|
| व्यवसाय करको परिभाषा | व्यवसाय कर सम्बन्धी कानुनी व्यवस्था |
| विगतमा व्यवसाय कर | व्यवसाय करको अन्तरास्ट्रिय अभ्यास |
| व्यवसाय करमा समावेश हुने सूचीहरू | व्यवसाय करमा केही पालिकारूको अभ्यास |
| व्यवसाय करका चुनौतिहरू | यसको सुधारको उपाय |

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

### ६) नदीजन्य र खानीजन्य पदार्थको आय व्यवस्थापन

| | |
|---|---|
| नदीजन्य र खानी जन्य निर्माण सामग्री | नेपालमा भएको कानुनी व्यवस्था |
| विगतमा नदीजन्य र खानीजन्य पदार्थको व्यवस्थापन | यसमा देखिएका समस्या र चुनौति |
| यस सम्बन्धी अध्ययन सुझावहरू | यसको अन्तरास्ट्रिय अभ्यास |
| क्रसर उद्योग सञ्चालनको मापदण्ड | प्रदेश सरकारको ऐनहरू |

### ७) नदीजन्य पदार्थको व्यवस्थापनको लागि प्रारम्भिक वातावरण परीक्षण

| | |
|---|---|
| प्रारम्भिक वातावरण परीक्षणको अवधारणा | यस सम्बन्धी कानुनी व्यवस्थाहरू |
| यस अध्यन प्रतिवेदनको रूपरेखा | अध्ययन कार्यदल |
| अध्ययनको कार्यसूची | यस सम्बन्धी अभ्यासहरू- जिल्ला समन्वय समितिको अधिकार प्रत्यायोजन |

### ८) साझा कर अधिकार

| | |
|---|---|
| मनोरञ्जन करको परिभाषा | मनोरञ्जन कर सम्बन्धी कानुनी व्यवस्था |
| मनोरञ्जन करको दर निर्धारण | मनोरञ्जन करको अभ्यास |
| विज्ञापन करको परिभाषा | विज्ञापन कर सम्बन्धी कानुनी व्यवस्था |
| विज्ञापन करको दर निर्धारण | विज्ञापन करको अभ्यास |
| घर जग्गा रजिस्ट्रेसन करको परिभाषा | घर जग्गा रजिस्ट्रेसनसम्बन्धी कानुनी व्यवस्था |
| घर जग्गा रजिस्ट्रेसन दर निर्धारण | घर जग्गा रजिस्ट्रेसन अभ्यास |
| सवारी करको परिभाषा | सवारी कर सम्बन्धी कानुनी व्यवस्था |
| सवारी कर दर निर्धारण | सवारी कर अभ्यास |

### ९) आर्थिक ऐन

| | |
|---|---|
| स्थानीय आर्थिक ऐनको परिचय | स्थानीय आर्थिक ऐन सम्बन्धी कानुनी व्यवस्था |
| स्थानीय आर्थिक ऐनको नमूना | स्थानीय आर्थिक ऐनको अभ्यास |

### १०)राजस्व प्रक्षेपण (Revenue Projection)

| | |
|---|---|
| राजस्व प्रक्षेपणको अवधारणा | राजस्व प्रक्षेपण सम्बन्धी व्यवस्थाहरू |
| राजस्व प्रक्षेपणको तरिका (Methods) | राजस्व प्रक्षेपणका चरणहरू |

### ११) राजस्व सुधार योजना (Revenue Improvement Plan)

| | |
|---|---|
| राजस्व सुधार योजनाको अवधारणा | राजस्व सुधार योजना सम्बन्धी व्यवस्थाहरू |

| | |
|---|---|
| राजस्व सुधार योजनाको खाका | राजस्व प्रक्षेपणका चरणहरू |

१२) स्थानीय आय ठेक्का

| | |
|---|---|
| स्थानीय आय ठेक्काको परिचय | स्थानीय आय ठेक्का सम्बन्धी विगतको अभ्यास |
| आय ठेक्का व्यवस्थापनका चरणहरू | आय ठेक्का व्यवस्थापन |

४. स्थानीय करको क्षमता विकासमा केही उपयोगी स्रोत सामग्रीहरू

| स्रोत सामग्रीको नाम | प्रकाशक |
|---|---|
| नेपालको संविधान | नेपाल सरकार |
| स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | नेपाल सरकार |
| अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ | नेपाल सरकार |
| वार्षिक प्रतिवेदन | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |
| वार्षिक प्रतिवेदन | महालेखा परीक्षकको कार्यालय |

# परिच्छेद - ७

# राजस्व सुधार योजना कार्यन्वयन कार्ययोजनाको नमूना ढाँचा

## १. **कर सुधारका क्रियाकलापहरु**

| क्रियाकलापहरू | समय सीमा | जिम्मेवारी | मापनको सूचक |
|---|---|---|---|
| व्यवसाय कर | | | |
| ▪ हरेक वडामा रहेका व्यवसायको विवरण सङ्कलन गरी अभिलेखलाई अद्यावदि गर्ने<br>▪ व्यबसाय करको हालको दरलाई व्यवसायको कारोवारको परिमाण र लगानीको प्रकृतिको आधारमा करको दर परिमार्जन गर्ने<br>▪ नयाँ दर्ता र नवीकरणका लागि वडा वडामा व्यवसायको भेला गराइ व्यवसाय करको करदाता शिक्षा कार्यक्रम सञ्चालन गरी सबै सम्भाव्य व्यवसायलाइ व्यवसाय करको दायरमा | | | ▪ व्यवसाय र यसका करदाताको विवरणको अद्याादिक लगत तयार<br>▪ व्यवसाय करको दर परिमार्जन भएको<br>▪ व्यवसाय करको दायरमा आउने करदाताको सङ्ख्या वृद्धि भएको<br>▪ उत्पादन र रोजगारीको परिमाणको आधारमा आर्थिक |

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

| क्रियाकलापहरू | समय सीमा | जिम्मेवारी | मापनको सूचक |
|---|---|---|---|
| ल्याउने<br>▪ स्थानीय उत्पादनको माध्यमबाट आत्मनिभर हुन र रोजगारी सृजनामा योगदान दिने व्यवसायलाइ कर छूटको व्यवस्था गर्ने<br>▪ हरेक व्यवसायले व्यबसाय दर्ताको प्रमाणपत्र व्यबसाय रहेको स्थानमा सर्बसाधारणले देख्ने गरी भित्तामा राख्नु पर्ने व्यवस्था लागु गर्ने<br>▪ सबै व्यवसायले करको स्थायी लेखा नम्बर लिन अभियान संचलान गर्ने<br>▪ हरेक वर्ष कम्तिमा २ पटक स्थानीय तहका जनप्रतिनिधि र व्यवसाय कर दाता बीच संवाद कार्यक्रम सञ्चालन गर्ने<br>▪ जग्गाको मूल्य र क्षेत्रफलका आधारमा मालपोत करका दर निर्धारण गरी आगामी आ.व.देखि सङ्कलनको व्यवस्था मिलाउने | | | ऐनमा कर छुटको प्रावधान समावेश भएको<br>▪ व्यवसायले व्यबसाय कर दर्ताको प्रमाणपत्र आफ्नो कक्षमा राखेको<br>▪ व्यवसाय करको दायरामा आउने सबै करदाताको स्थायी लेखा नम्बर (PAN) रहेको<br>▪ व्यवसाय कर दाता र स्थानीय तहका जनप्रतिनिधिबीच संवाद कार्यक्रम सञ्चलान भएको<br>▪ जग्गाको मूल्य र क्षेत्रफलका आधारमा मालपोत करका दर निर्धारण भई सो आधारमा व्यबसार करको दर निर्धारण भएको |
| सम्पत्ति कर | | | |
| ▪ मालपोत र नापी कार्यालयबाट समेत विवरण सङ्कलन गरी जग्गा र जग्गाधनीको विवरण अद्यावदिक गर्ने | | | ▪ जग्गा र जग्गाधनीको विवरण अद्यावदिक भएको |
| ▪ घर र घरधनीको विवरण सङ्कलन गरी यसको अभिलेख तयार गर्ने | | | ▪ भवन र भवनधनीको अभिलेख अद्यावदिक भएको |
| ▪ करको प्रयोजनका लागि भवनको प्रकृतिको आधारमा भवन ऐन २०५५ बमोजिम यसलाई क, ख, ग र घ वर्गमा वर्गीकरण गर्ने | | | ▪ भवन वर्गीकरणको लगत तयार भएको |
| ▪ हरेक भवनमा घर नम्बर प्रणाली जडान गर्ने | | | ▪ हरेक भवनको घर नम्बर सो भवनको अग्रभागमा टाँसिएको |
| ▪ सबै वडामा घरधनीको भेला गराइ सम्पत्ति कर दाता शिक्षा कार्यक्रम सञ्चालन गरी सबै भवनलाइ सम्पत्ति करको दायरमा ल्याउने | | | ▪ कानुन अनुसार सम्पत्ति करको दायरामा आउनु पर्ने सबै भवनहरू सम्पत्ती करको दायरमा आएको |
| ▪ सबै वडा कार्यालयमा विद्युत र इन्टरनेट सेवाको व्यवस्था गरी वडा बाटै सम्पत्ती कर तिर्ने व्यवस्था लागु गर्ने | | | ▪ वडा कार्यालयमा गई सम्पत्ति कर तिर्न सकिने व्यवस्था भएको |
| मालपोत | | | |

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

| क्रियाकलापहरू | समय सीमा | जिम्मेवारी | मापनको सूचक |
|---|---|---|---|
| ▪ मालपोत कार्यालयबाट जग्गा र जग्गा धनीको अभिलेख प्राप्त गरी यसको अभिलेख अद्यावदिक गर्ने | | | ▪ सबै जग्गा र जग्गा धनीको अभिलेख अद्यावदिक भएको |
| ▪ भूमी सम्बन्धी ऐन र नियमावली तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(२) बमोजिम जोखिम संवेदनशीलताको आधारमा जग्गाको वर्गीकरण गरी सो आधारमा जग्गाको नयाँ मूल्याङ्कन दर निर्धारण गर्ने | | | ▪ प्रचलित कानून बमोजिम सबै जग्गाको वर्गीकरण बमोजिम मालपोतको मूल्याङ्कन दर निर्धारण भएको |
| ▪ जग्गाको वर्गीकरणको आधारमा कायम भएको मूल्याङ्कनलाई आधार मानी मालपोत दर परिमार्जन गर्ने | | | ▪ जग्गाको वर्गीकरणको आधारमा मालपोत दर परिमार्जन भएको |
| ▪ सबै वडामा जग्गा धनीको भेला गराइ मालपोत सचेतना कार्यक्रम सञ्चालन गरी सबै जग्गालाई मालपोतको दायरमा ल्याउने | | | ▪ कानुन अनुसार मालपोत लाग्ने सबै जग्गाहरू मालपोतको दायरमा आएको |
| ▪ करदाताको मोबाइलबाट मालपोत करको रकम र यसको तिर्ने समयको जानकारी गराउने एप्स विकास गरी यसको मोबाईलबाट सूचना दिने प्रणाली विकास गर्ने | | | ▪ करदाताले करको रकम र समयको जनकारीको मेसेज मोबाइलबाटै प्राप्त गरेको |
| घर बहाल कर | | | |
| ▪ घर तथा जग्गा बहाल कर सम्बन्धमा वडा वडामा करदाता शिक्षा कार्यक्रम संचालन गरी सबै वडामा रहेका बहालमा लागेका घर, जग्गा र घर तथा जग्गा धनी, मासिक बहालको विवरण सङ्कलन गरी यसको अभिलेखलाई अद्यावदिक गर्ने | | | ▪ बहाल करको विवरण अद्यावदिक भएको |
| ▪ घर तथा जग्गा बहाल कर सम्बन्धी कार्यविधि निर्माण गर्ने | | | ▪ घर तथा जग्गा बहाल कर सम्बन्धी कार्यविधि कार्यन्वयनमा आएको |
| ▪ घर तथा जग्गा बहाल सम्बन्धमा अनलाईनबाट विवरण अद्यावदि गर्ने प्रणाली विकास गर्ने | | | ▪ घर तथा जग्गा बहाल करको अनलाईनबाट विवरण अद्यावदिक भएको |
| विज्ञापन कर | | | |
| ▪ विज्ञापन कर सम्बन्धी कानुन निर्माण गर्ने | | | ▪ सभाबाट विज्ञापन कर सम्बन्धी कानुन निर्माण भएको |

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

| क्रियाकलापहरू | समय सीमा | जिम्मेवारी | मापनको सूचक |
|---|---|---|---|
| ▪ विज्ञापन करको स्रोतको नक्साङ्कन गर्ने | | | ▪ विज्ञापन करको स्रोतको नक्सा तयार भएको |
| ▪ विज्ञापन कर सङ्कलन सम्बन्धी बोलपत्र दस्तावेज तयार गर्ने | | | ▪ विज्ञापन कर सङ्कलन सम्बन्धी बोलपत्र दस्तावेज तयार भएको |
| ▪ विज्ञापन कर सङ्कलन गर्ने | | | ▪ विज्ञापन कर सङ्कलन भएको |
| मनोरञ्जन कर | | | |
| ▪ मनोरञ्जन करको सम्भावित स्रोतको आधारभूत तथ्याङ्क सङ्कलन गर्ने | | | ▪ मनोरञ्जन करको सम्भावित स्रोतको आधारभूत तथ्याङ्क सङ्कलन भएको |
| ▪ प्रदेश कानुन बमोजिम विज्ञापन कर सङ्कलन गर्ने | | | ▪ प्रदेश कानुन बमोजिम विज्ञापन कर संङ्कलन भएको |
| साना सवारी साधन कर | | | |
| ▪ स्थानीय तहमा रहेका साना सवारी साधनको लगत कायम गर्ने | | | ▪ साना सवारी साधनको लगत कायम भएको |
| ▪ साना सवारी कर सम्बन्धी कानुन निर्माण गर्ने | | | ▪ साना सवारी साधन सम्बन्धी कानुन तर्जुमा भएको |
| जडीबुटी, कवाडी र जीवजन्तु कर | | | |
| ▪ जडीबुटी, कवाडी र जीवजन्तु करको सम्भाव्य स्रोतको सम्भाव्यता अध्ययन गरी तथ्याङ्क अद्यावदि गर्ने | | | ▪ जडीबुटी, कवाडी र जीवजन्तु करको सम्भाव्य स्रोतको तथ्याङ्क अद्यावदिक भएको |
| ▪ जडीबुटी, कवाडी र जीवजन्तु करको वार्षिक ठेक अङ्क कायम गर्ने | | | ▪ जडीबुटी, कवाडी र जीवजन्तु करको वार्षिक ठेक अङ्क निर्धारण भएको |

## २. **गैर कर सुधारका क्रियाकलापहरु**

| क्रियाकलापहरू | समय सीमा | जिम्मेवारी | मापनको सूचक |
|---|---|---|---|
| बहाल विटौरी शुल्क | | | |
| ▪ स्थानीय तहमा रहेको सरकारी, पर्ती तथा ऐलानी तथा सार्वजनिक जमिनको तथ्याङ्क सङ्कलन गरी लगत कायम गर्ने | | | ▪ स्थानीय तहमा रहेको सरकारी, पर्ती तथा ऐलानी तथा सार्वजनिक जमिनको तथ्याङ्क सङ्कलन भई लगत कायम भएको |

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

| | | | |
|---|---|---|---|
| ▪ बहाल विटौरी शुल्क सम्बन्धी कानुन निर्माण गर्ने | | | ▪ बहाल विटौरी शुल्क सम्बन्धी कानुन निर्माण भएको |
| नक्सा पास दस्तुर | | | |
| बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी केन्द्रिय मापदण्डको आधारमा भवन निर्माण मापदण्ड सम्बन्धी स्थानीय कानुन निर्माण गर्ने | | | ▪ बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी केन्द्रिय मापदण्डको आधारमा भवन निर्माण मापदण्ड सम्बन्धी स्थानीय कानुन निर्माण भएको |
| राष्ट्रिय भवन संहिता र भवन निर्माण सम्बन्धी राष्ट्रिय मापदण्डको आधारमा नक्सा पासको लागि नक्सा किताव प्रकाशन गर्ने | | | ▪ राष्ट्रिय भवन संहिता र भवन निर्माण सम्बन्धी राष्ट्रिय मापदण्डको आधारमा नक्सा पासको लागि नक्सा किताव प्रकाशन भएको |
| ▪ स्थानीय तहको क्षेत्र भित्रका भवनहरूको लगत कायम गर्ने | | | ▪ स्थानीय तहको क्षेत्र भित्रका भवनहरूको लगत कायम गर्न |
| ▪ नक्सा पास दस्तुर सम्बन्धी विषयलाइ कानुनमा समावेश गर्ने | | | ▪ नक्सा पास दस्तुर सम्बन्धी विषयलाइ कानुनमा समावेश भएको |
| ▪ नक्सापासमा E-Building Permission System लागु गर्ने | | | ▪ E-Building Permission System कार्यान्वयनमा आएको |
| सामुदायिक बनबाट प्राप्त आयको व्यवस्थापन | | | |
| ▪ सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गर्ने व्यवस्था कार्यान्वयनमा ल्याउने | | | ▪ सामुदायिक बन उपभोक्ता समितिको आयबाट संचालित हुने कार्यक्रम स्थानीय तहबाट स्वीकृत भएको |
| ▪ वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था गर्ने । | | | ▪ वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित सञ्चित कोषमा जम्मा भएको । |

## ३. संस्थागत सुधारका **क्रियाकलापहरु**

| क्रियाकलापहरू | समय सीमा | जिम्मेवारी | मापनको सूचक |
|---|---|---|---|

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

| | | | |
|---|---|---|---|
| ▪ स्थानीय तहको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी राजस्व शाखा वा महाशाखा स्थापन गर्ने | | | ▪ राजस्व शाखा वा महाशाखा स्थापना भई कार्यान्वयनमा आएको |
| ▪ राजस्व सुधार योजना तर्जुमा गरी कार्यान्वयन गर्ने | | | ▪ राजस्व सुधार योजना कार्यान्वयनमा आएको |
| ▪ अनलाइन प्रणालीबाट राजस्व कर तथा सेवा शुल्क तिर्ने डिजिटल प्रणाली कार्यान्वयन गर्ने व्यवस्था गरिएको | | | ▪ अनलाइन प्रणालीबाट कर तथा सेवा शुल्क तिर्ने व्यवस्था गरिएको |
| ▪ आन्तरिक आय स्रोतको नक्साङ्कन गरी तथ्याङ्क अद्यावदिक गर्ने | | | ▪ आन्तरिक आयको स्रोतको नक्साङ्कन गरी तथ्याङ्क अद्यावदिक गरिएको |
| ▪ कर चुक्ता प्रमाणपत्रहरू वडा वाटै लिन सकिने व्यवस्था गर्ने | | | ▪ करदातालाई कर चुक्ता प्रमाणपत्रहरू वडा वाटै दिने गरिएको |
| ▪ कर सम्बन्धमा टोल विकास संस्थाको परिचालन गरी कर साक्षरता कार्यक्रम संचालन गर्ने | | | ▪ टोल विकास संस्थाको परिचालन गरी कर साक्षरता कार्यक्रम संचालन गरिएको |
| ▪ हरेक वर्ष उत्कृष्ट करदाताहरूलाई सम्मान तथा कदरपत्रको व्यवस्था गर्ने | | | ▪ हरेक वर्ष उत्कृष्ट करदाताहरूलाई सम्मान गरिएको |
| ▪ प्रदेश प्रशिक्षण प्रतिष्ठानको सहयोगमा स्थानीय कर सम्बन्धी प्रशिक्षण प्रदान गर्ने | | | ▪ प्रदेश प्रशिक्षण प्रतिष्ठानको सहयोगमा स्थानीय कर सम्बन्धी प्रशिक्षण प्रदान गर्ने गरिएको |
| ▪ कानुनमा जरिवानामा केही छुट दिएर बक्यौता करहरू असुल उपर गर्ने | | | ▪ बक्यौता करहरू असुल उपर भएको |
| ▪ स्थानीय राजस्व परामर्श समितिलाई क्रियाशील गर्ने | | | ▪ स्थानीय राजस्व परामर्श समिति क्रियाशील भएको |

***अनुसूची 1: स्थानीय तहको एकल कर अधिकार***

| कर तथा गैर कर अधिकार | विवरण |
|---|---|
| कवाडी कर | गाउँपालिका तथा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले कवाडी माल वा त्यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरेबापत गाउँपालिका वा नगरपालिकाले लगाउने कर |
| घर जग्गा बहाल कर | गाउँपालिका तथा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो बहाल रकममा लगाउने कर |
| जडीबुटी कर | गाउँपालिका तथा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडीबुटी, |

| | |
|---|---|
| | बनकस वा त्यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरेबापत गाउँपालिका वा नगरपालिकाले लगाउने कर |
| जीवजन्तु कर | गाउँपालिका तथा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला वा त्यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरे बापत गाउँपालिका वा नगरपालिकाले लगाउने कर |
| भूमि कर | गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगको आधारमा लगाउने कर |
| व्यवसाय कर | गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी वा आर्थिक कारोवारको आधारमा लगाने कर |
| सम्पत्ति कर | घर र घरले चर्चेको जग (प्लिन्थ एरिया)को अधिकतम दुइ गुणा बढी जग्गामा लाग्ने कर |
| बहाल बिटौरी शुल्क | गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख, वा सञ्चालन गरेको हाटबजार, वा पसल, वा सरकारी जग्गामा बनेको संरचनाको उपयोग बापत लगाउने बहाल शुल्क |
| पार्किङ्ग शुल्क | गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किंग सेवा उपलब्ध गराए बापत लगाउने शुल्क |
| व्यवसायमा सेवा शुल्क | गाउँपालिका तथा नगरपालिकाहरूलाई आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका केवलकार, क्याकिङ्ग, वन्जि जम्पिङ्ग,र्‍याफ्टिङ्ग, ट्रेकिङ्ग, क्यानोनिङ्ग, जिपफ्लायर र प्याराग्लाइडिंङ्ग सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने अधिकार प्रदान गरिएको छ |

*अनुसूची 2: राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आन्तरिक आय सम्बन्धमा निर्धारण गरेका कार्य सम्पादन सूचकहरू*

| **सूचक** | **अङ्क भार** |
|---|---|
| १) गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश गरेको। | ५ |
| २) गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश गरी असार मसान्तभित्र पारित गरेको। | ५ |
| ३) स्थानीय तहले घर जग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन कर बापत उठेको रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गरेको। | ५ |
| ४) स्थानीय तहले आगामी आर्थिक वर्षका लागि आय-व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालू आर्थिक वर्षको पुस मसान्तभित्र संघीय अर्थ मन्त्रालयमा पेश गरेको। | ५ |
| ५) स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्था :<br>▪ अनुमानित राजस्व प्रक्षेपण अनुसार राजस्व सङ्कलनको अवस्था (7)<br>▪ अघिल्लो आर्थिक वर्षको तुलनामा राजस्व सङ्कलनको अवस्था (6) | १३ |

| | | |
|---|---|---|
| ६) | महालेखानियन्त्रक कार्यालयले प्रयोगमा ल्याएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (Subnational Treasury Regulating Application, SuTRA) को प्रयोग गरी स्थानीय तहहरूले पूर्ण रूपमा गरी आवश्यक विवरण प्रविष्ट गरेको। | ५ |
| | आन्तरिक आय सम्बन्धी कूल अङ्कभार | ३८ |

## *अनुसूची 3 : राजस्व सुधार योजनाको प्रभावकारिताको लेखाजोखा*

| | सूचकहरू | **अङ्क भार** |
|---|---|---|
| १) | आगामी आर्थिक वर्षका लागि आय-व्यय प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विवरण प्रत्येक वर्षको पौष मसान्तभित्र सङघीय अर्थ मन्त्रालयमा पठाएको[२]। | १ |
| २) | आफ्नो क्षेत्राधिकार भित्र रही सभाबाट पारित आर्थिक ऐन अनुसार मात्र राजस्वका दर रेट निर्धारण र राजस्वको व्यवस्थापन गरेको[३]। | १ |
| ३) | आफ्नो अधिकार क्षेत्रभित्र रहेका आन्तरिक स्रोतको दर र दायरा बढाउन राजस्व परामर्श समितिले आन्तरिक कार्यदल गठन गरेको र प्रमुख करहरूको नक्साङकन समेत गरी राजस्व प्रक्षेपण गरेको। | १ |
| ४) | गत आर्थिक वर्षमा घर जग्गा रजिष्ट्रेसन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन करबाट उठेको रकममध्ये तोकिए बमोजिमको रकम प्रदेश सरकारको सञ्चित कोषमा जम्मा गरेको[4] । | १ |
| ५) | स्थानीय कानुन बमोजिम मात्र आकस्मिक कोष सञ्चालनमा ल्याएको[५] । | १ |
| ६) | सूचना प्रविधिको प्रयोग गरी सम्पत्ति कर, व्यवसाय कर, मालपोत, मनोरञ्जन कर, विज्ञापन कर र बहाल करको नक्साङकन गरी यसलाई सूचना प्रविधिबाट अभिलेख राखिएको। | १ |
| ७) | करदातालाई कर सम्बन्धी सूचना वा फारामहरू नि:शुल्क रूपमा उपलब्ध गराइएको । | १ |
| ८) | कर, दस्तुर, सेवा शुल्कको दर रेट तथा यस सम्बन्धी प्रक्रियाहरूको अद्यावधिक विवरण करदाताले सजिलै देख्न र बुझ्न सक्ने गरी कर शाखामा र वेबसाइटमा राखिएको। | १ |
| ९) | (१) सबै वडाबाट कर संलकन गर्ने गरिएको ।<br>(२) सबै वडामा नक्सा पास प्रणाली कार्यान्वयनमा ल्याएको।<br>(अङ्क ०.५ +०.५= १) | १ |
| १०) | (१) गत आर्थिक वर्षमा सोभन्दा अघिल्लो आ.व.को तुलनामा कम्तीमा १० प्रतिशतले आन्तरिक आय (आफूले उठाएको रकम) वृद्धि भएको<br>(२) करदाताको सङ्ख्या समेत हरेक वर्ष कम्तीमा १० प्रतिशतले वृद्धि भएको।<br>(अङ्क ०.५ +०.५= १) | १ |

[2] अन्तर-सरकार वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८(१)

[3] नेपालको संविधानको धारा २२८ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५४

[4] अन्तर-सरकार वित्त व्यवस्थापन ऐन, २०७४ को प्रावधान

[5] स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७०

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

| | |
|---|---|
| ११) (१) गत आ.व.मा राजस्व परामर्श समितिले गरेको राजस्व अनुमानको ९० प्रतिशतभन्दा बढी राजस्व संकलन भएको ।<br>(२) कुल बजेटमा आन्तरिक आयको हिस्सा २० प्रतिशतभन्दा बढी रहेको।<br>(अङ्क ०.५ +०.५= १) | १ |
| १२) सङ्कलन गरेको राजश्व अर्को दिनभित्र बैङ्कमा जम्मा हुने गरेको[६] । | १ |
| १३) नदीजन्य पदार्थ र साधारण निर्वाहमुखी खनिज पदार्थको ठेक्कापट्टा लगाउँदा घाटगद्दी गरेर मात्र उक्त पदार्थको बिक्री वा निकासी हुने गरेको। | १ |
| १४) (१) गत आर्थिक वर्षमा कुनै पनि राजस्व मिनाहा नदिएको ।<br>(२) सम्झौता बमोजिमको समयमा आय ठेक्काको रकम दाखिला भएको।<br>(अङ्क ०.५ +०.५= १) | १ |
| १५) (१) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराएको।<br>(२) सामुदायिक वनले वन पैदावारको बिक्रीबापत प्राप्त रकमको १० प्रतिशत रकम स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्ने गरेको[७] ।<br>(अङ्क ०.५ +०.५= १) | १ |
| १६) (१) आय ठेक्कामा बैंक ग्यारेन्टी लिएर मात्र सम्झौता भएको ।<br>(२) समयमा ठेक्का रकम दाखिला नगर्ने ठेकेदारलाई कर्वाही गरी बैंक ग्यारेन्टीको रकम खिचेर रकम असुल उपर गर्ने गरिएको।<br>(अङ्क ०.५ +०.५= १) | १ |
| १७) विगतमा उठाउन बाँकी कुनै बक्यौता राजस्व नरहेको । | १ |
| १८) आफूले उठाएको राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमसहितको कुल राजस्व रकमबाट आफ्नो सम्पूर्ण प्रशासनिक खर्च पूरा गरी बाँकी रकम विकास निर्माण कार्यमा उपयोग गरेको | १ |
| १९) राजस्व परिचालन गर्दा सभाबाट पारित आर्थिक ऐन बमजिम गर्ने गरेको | १ |
| २०) गाउँपालिका तथा नगरपालिकाले मध्यकालीन खर्च संरचना सहित विनियोजन ऐन, आर्थिक ऐन र वार्षिक बजेट तथा कार्यक्रमलाई असार १० गते भित्र सभामा पेश गरी असार मसान्तसम्ममा पारित गरेको | १ |
| २१) नेपाल सरकारबाट स्वीकृत भए अनुसार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) को प्रयोग गरी आन्तरिक आयको लेखा र कारोवार गर्ने गरिएको। | १ |
| २२) आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको ७ गते भित्र सार्वजनिक गरेको[8] | |

## *अनुसूची 4: राजस्व सुधार योजना निर्माणिको कार्यशर्तको नमूना ढाँचा*

[6] आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा २७ र स्थानीय तहको आर्थिक कार्यविधि कानुन

[७] स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख)

[८] स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६&४०

## अनुसूची २

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

१. परिचय

२. राजस्व सुधार योजना निर्माणको उद्देश्य

३. अपेक्षित उपलब्धी

४. अध्ययनको क्षेत्र

५. परामर्श दाता संस्थाको संस्थागत योग्यता र अनुभव र संस्थाले पेश गर्नु पर्ने दस्तावेजहरू

| १४२१७ | नहर तथा कुलो उपयोग बापतको शुल्क | जग्गा जमिनको सिँचाइको लागि नहर तथा कुलोको उपयोग गरेबापत तोकिए बमोजिम प्राप्त शुल्क यसमा पर्छ। | √ | √ | √ |
| १४२१८ | विद्युतसेवा शुल्क | विद्युतसेवा उपभोग वापत्को महसुल, थप दस्तुर, मिटर जाँच समेतको सेवा दस्तुर, कलेक्सन चार्ज, नामसारी एवं ठाउँसारी दस्तुर यसमा पर्छ। | √ | √ | √ |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | १४२११देखि १४२१८ सम्मका शीर्षकमा नपरेका सरकारले उपलब्ध गराउने सरसफाइ तथा ढल निकासको सुविधा, पर्यटकीय क्षेत्र, र | | √ | √ |

## अनुसूची २

### (दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)

| राजस्व संकेत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय |
| | | बनभोज स्थल, पार्क, भ्यूटावरजस्ता क्षेत्रको उपयोग तथा सो मा लाग्ने प्रवेशशुल्क जस्ता क्षेत्रमा लगाइनेशुल्क तथा दस्तुरको रकमका साथै सम्बन्धित सरकारले आफ्नो क्षेत्रभित्रका स्थानीय प्राकृतिक स्रोतको बिक्रि गर्दा प्राप्त रकम समेत यसमा पर्छ। | | | |
| १४२२० | प्रशासनिक सेवा शुल्क | प्रशासनिक सेवा वापत्को शुल्क यसमा पर्छ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन। | √ | √ | √ |
| १४२२१ | न्यायिक दस्तुर | कोर्ट फि, बक्सौनि, दशौंद, विशौद नक्कल दस्तुर, समाव्हान एवं इतलायनामा दस्तुर, सूद,लिफा दस्तुर, टिकट दस्तुर, पुनरावेदन एवं प्रतिउत्तर पत्र दस्तुर, वकालत सम्बन्धी इजाजत दस्तुर र न्यायसम्बन्धी अन्य राजस्व आम्दानी यसमा पर्छ। | √ | √ | √ |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ११४४३ र ११४४४ ले समेटेका विषयहरू बाहेक शिक्षण शुल्क (ट्यूशन फी), प्रवेश शुल्क, प्रवेशिका परीक्षा दस्तुर, लव्धाङ्क पत्र (मार्कसिट) तथा प्रमाणपत्र दस्तुर, संग्रहालय (म्यूजियम) प्रवेश दस्तुर, पाठ्यक्रम, पुस्तक, पत्रिका समेतको बिक्रीबाट प्राप्त रकम र शिक्षा क्षेत्रको अन्य आम्दानी यसमा पर्छ। | √ | √ | √ |
| १४२२४ | परीक्षा शुल्क | लोकसेवा आयोग लगायत विभिन्न सरकारी निकायले लिने परीक्षा दस्तुर, अन्तर्वार्ता दस्तुर, निवेदन तथा दरखास्त दस्तुर र पाठ्यक्रम बिक्रीबाट प्राप्त रकम यसमा पर्छ। | √ | √ | √ |
| १४२२५ | यातायात क्षेत्रको आम्दानी | ११६२१, ११४५१ देखि ११४५४ सम्म परेका विषयहरू बाहेक हवाइजहाज अवतरण दस्तुर, आश्रय दस्तुर, कुनै सडक राजमार्गमा आवत जावतको लागि इजाजत दिए बापत प्राप्त रोड परमिट,जल तथा अन्य यातायातसँग सम्बन्धित आय र शुल्क यसमा पर्छ। | √ | √ | √ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | विभिन्न मन्त्रालय, विभाग तथा कार्यालयले लिने टिकट वापत्को रकम, बोलपत्र फाराम बिक्रीको रकम, निवेदन दस्तुर, नो अवजेक्शन सर्टिफिकेट | √ | √ | √ |

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

| राजस्व संकेत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय |
| | | दस्तुर, व्यवसायिक प्रमाणपत्र जारी तथा नवीकरण दस्तुर बापत प्राप्त रकम यसमा पर्छ। | | | |
| १४२४० | दस्तुर | यसमा विभिन्न सेवा प्रदान गरेबापत लिइने दस्तुर पर्छ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन। | | | √ |
| १४२४१ | पार्किङ्ग शुल्क | स्थानीय तहद्वारा स्थानीय रूपमा उठाइने पार्किङ्ग शुल्क यसमा पर्छ। | | | √ |
| १४२४२ | नक्सापास दस्तुर | स्थानीय तहद्वारा नक्सापास बापत उठाएको दस्तुर यसमा पर्छ। | | | √ |
| १४२४३ | सिफारिस दस्तुर | स्थानीय तहद्वारा सिफारिस गरेबापत उठाएको दस्तुर यसमा पर्छ। | | | √ |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | स्थानीय तहद्वारा व्यक्तिगत घटना दर्ता गरेबापत उठाएको दस्तुर यसमा पर्छ। | | | √ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | स्थानीय तहद्वारा नाता प्रमाणित गरेबापत उठाएको दस्तुर यसमा पर्छ। | | | √ |
| १४२४९ | अन्य दस्तुर | माथि उल्लेखित बाहेकका अन्य दस्तुर यसमा पर्छन्। | | | √ |
| १४२५० | अन्य दस्तुरहरू | कुनै काम गर्नका लागि इजाजत दिने प्रयोजनको लागि लिइने दस्तुरहरू यसमा समावेश गरिएको छ। | √ | √ | √ |
| १४२५३ | व्यवसाय रजिस्ट्रेसन दस्तुर | कम्पनी तथा एजेन्सी रजिस्ट्रेसन बाहेक अन्य साना तथा मझौला व्यवसाय रजिस्ट्रेसन तथात्यसको नवीकरण गरेबापतको दस्तुर का साथै आफ्नन् क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारको आधारमा लगाउने व्यवसायीक कर यसमा पर्छ। | | √ | √ |
| १४२५४ | रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | रेडियो / एफ.एम सञ्चालनका लागि अनुमति पत्र तथा सो को नवीकरण दस्तुर र सो सँग सम्बन्धित अन्य दस्तुरहरू यसमा पर्छन्। | √ | √ | √ |
| १४२६० | अन्य प्रशासनिक सेवा शुल्क | शीर्षक नं १४२२० मा नपरेका थप प्रशासनिक सेवा बापतको शुल्क यसमा पर्छ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन। | √ | √ | √ |
| १४२६२ | विद्युत सम्बन्धी दस्तुर | विद्युत रोयल्टी बाहेक विद्युत् उत्पादन शुल्क, विद्युत उत्पादन इजाजत– पत्र दस्तुर र नवीकरण | √ | √ | √ |

## अनुसूची २

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

| राजस्व संकेत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | ब्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय |
| | | दस्तुर जस्ता विद्युत उत्पादन हुनु अगाडि लिइने दस्तुरहरू यसमा पर्छ। | | | |
| १४२६३ | जलस्रोत सम्बन्धी आय | जलस्रोत रोयल्टी बाहेक जलश्रोत सम्बन्धी अन्य आयहरू यसमा पर्छ। | √ | √ | √ |
| १४२६५ | अन्य क्षेत्रको आय | प्राकृतिक स्रोतमध्ये रोयल्टि र माथि उल्लेखित स्रोतमा लाग्ने शुल्क तथा दस्तुर बाहेक अन्य आम्दानी यसमा पर्छ। | √ | √ | √ |
| १४३०० | दण्डजरिवाना र जफत | विलम्ब दस्तुर, जरिवाना र जफत यसमा पर्छ। यो मूल शीर्षकमा रकम जम्मा गर्नमिल्दैन। | √ | √ | √ |
| १४३१० | दण्ड,जरिवाना र जफत | विलम्ब दस्तुर, जरिवाना र जफत यसमा पर्छ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन। | √ | √ | √ |
| १४३११ | न्यायिक दण्ड,जरिवाना र जफत | अदालतको निर्णयबाट लिइएका दण्ड, जरिवाना र जफत बापतको रकम यसमा जम्मा गर्नु पर्छ। | √ | √ | √ |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | सबै प्रकारको ठेक्काको धरौटी (अर्नेष्ट मनी) जफत, निर्माण र अन्य कामको ठेक्का पट्टामा ठेकेदारहरूलाई गरिएको दण्ड, जरिवाना, ठेकेदारहरूसँग बाँकी रहेको रकमको ब्याज र सम्बन्धित शीर्षकमा लेखिए बाहेक अन्य प्रशासनिक दण्ड जरिवाना र जफतबाट प्राप्त रकम यसमा पर्छ। | √ | √ | √ |
| १४३१३ | धरौटी सदर स्याहा | विभिन्न निकायमा धरौटी बापत जम्मा भएको रकम धरौटी प्रयोजन समाप्त भएपछि कानूनले तोकेको अबधिसम्म फिर्ता नलिएमा कानून बमोजिम सदरस्याहा भएको रकम यसमा जम्मा गर्नु पर्छ। तर कारवाही स्वरूप जफत वा सदरस्याहा गरिएको वा राजस्व असूलि बापत सदरस्याहा गरिएको रकम सम्बन्धित शिर्षकमा नै जम्मा गर्नु पर्छ। | √ | √ | √ |
| १४४०० | अनुदान बाहेकको हस्तान्तरण | सरकारतथा अन्तर्राष्ट्रिय सँगठनहरू बाहेक अन्य श्रोतहरूबाट प्राप्त उपहार तथास्वैच्छिक अनुदान (Donation) को रकम यसमा पर्छ। यो मूल शीर्षकमा रकम जम्मा गर्नमिल्दैन। | √ | √ | √ |
| १४४१० | चालु हस्तान्तरण | अनुदान बाहेक अन्य चालु हस्तान्तरण रकम | √ | √ | √ |

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

| राजस्व संकेत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय |
| | | यसमा पर्छ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन। | | | |
| १४४११ | चालु हस्तान्तरण | यसमा सरकारलाई राहत प्रयोजनका लागि प्राप्त हुने खाद्यान, लत्ता कपडा, औषधि जस्ता चालु प्रकृतिका सहयोग समावेश हुन्छन्। | √ | √ | √ |
| १४४२० | पुँजीगत हस्तान्तरण | अनुदान बाहेक अन्य पुँजीगत हस्तान्तरण रकम यसमा पर्छ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन। | √ | √ | √ |
| १४४२१ | पुँजीगत हस्तान्तरण | अस्पताल, विद्यालय, संग्रहालय, नाचघर तथा सांस्कृतिक केन्द्रहरू निर्माण वा खरीदको लागिप्राप्त भएको हस्तान्तरणका साथै उपहार स्वरूप प्राप्त घर वा जग्गा तथा अदृश्य सम्पत्तीहरू, जस्तैः एकाधिकार पत्र वा प्रतिलिपी अधिकारको रकम यसमा पर्छ।यदि कुनै हस्तान्तरण चालु वा पुँजीगत के हो भन्ने कुरा स्पष्ट नभएमा त्यस्तो हस्तान्तरणलाई चालु प्रकृतिमा वर्गीकरण गर्नु पर्छ। | √ | √ | √ |
| १४५०० | विविध राजस्व | विविध राजस्व यसमा पर्छ। यो मूल शीर्षकमा रकम जम्मा गर्न मिल्दैन। | √ | √ | √ |
| १४५१० | चालु दावी तथा अन्य शुल्कहरू | यसमा आकस्मिक रूपमा सरकारलाई प्राप्त हुने दाबीहरू तथा बीमाको प्रिमियम बापत प्राप्त हुने रकम तथा अन्य चालु दावीहरू समावेश हुन्छ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन। | √ | √ | √ |
| १४५११ | बीमा दावी प्राप्ति | यसमा सरकारी कोषमा जम्मा हुने गरी सरकारले गरेका विभिन्न प्रकारका बीमा लेखको फिर्ता भुक्तानी तथा बीमा दाबीबाट प्राप्त हुने रकम समावेश गर्नुपर्छ। | √ | √ | √ |
| १४५२० | अन्य राजस्व | यसमा अन्य पुँजीगत प्रकृतिका राजस्वहरू पर्छन्। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन। | √ | √ | √ |
| १४५२१ | प्रदुषणनियन्त्रण शुल्क | प्रदुषण नियन्त्रण प्रयोजनका लागि सङ्कलन गरिने शुल्क यसमा समावेश गरिनेछ। | √ | √ | √ |
| १४५२९ | अन्यराजस्व | माथिका सम्पूर्ण शीर्षक तथा उपशीर्षकहरूमा नपरेका अन्य रकमहरू यसमा पर्छ। | √ | √ | √ |

## अनुसूची २

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

| राजस्व संकेत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय |
| १४५३० | पुँजीगत राजस्व | विभिन्न प्रयोजनमा गरिने राजस्व फिर्ता यसमा पर्छ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन। | √ | √ | √ |
| १४५३१ | सरकारीघर, जग्गा, गुडवील बिक्रीबाट प्राप्त रकम | सरकारी घर जग्गा, गुडबील र सरकारी प्रतिष्ठान विक्रिबाट प्राप्त आय यसमा पर्छ। | √ | √ | √ |
| १४६१० | व्यवसायकर | व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारको आधारमा दर्ता नवीकरण र खारेजी गर्दा लगाउने व्यवसायीक कर यसमा पर्छ। यसमा जम्मा गर्न मिल्दैन। | | | √ |
| १४६११ | व्यवसायकर | व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारको आधारमा दर्ता नवीकरण र खारेजी गर्दा लगाउने व्यवसायीक कर यसमा पर्छ। | | | √ |
| १५००० | विविध प्राप्ति | प्रत्यक्षरूपमा कर तथा गैर कर रूपमा प्राप्त नहुने तर सन्चित कोषमा जम्मा हुने बेरूजु असूलि तथा गत आर्थिक वर्षको निकासा फिर्ताको रकम यसमा समावेश गरिन्छ। यसमा रकम जम्मा गर्न मिल्दैन। | √ | √ | √ |
| १५१०० | विविध प्राप्ति | प्रत्यक्षरूपमा कर तथा गैर कर रूपमा प्राप्त नहुने तर सन्चित कोषमा जम्मा हुने बेरूजु असूलि तथा गत आर्थिक वर्षको निकासा फिर्ताको रकम यसमा समावेश गरिन्छ। यसमा रकम जम्मा गर्न मिल्दैन। | √ | √ | √ |
| १५११० | विविध प्राप्ति | प्रत्यक्षरूपमा कर तथा गैर कर रूपमा प्राप्त नहुने तर सन्चित कोषमा जम्मा हुने बेरूजु असूलि तथा गत आर्थिक वर्षको निकासा फिर्ताको रकम यसमा समावेश गरिन्छ। यसमा रकम जम्मा गर्न मिल्दैन। | √ | √ | √ |
| १५१११ | बेरूजू | लेखापरीक्षणबाट कायम भएको बेरूजू राजस्व बाहेकको) रकम असूली हुँदा प्राप्त रकम यसमा पर्छ। तर राजस्वबापतको बेरूजू सम्बन्धित राजस्व खातामा नै जम्मा गर्नु पर्छ। | √ | √ | √ |
| १५११२ | निकास फिर्ता | गत आर्थिक वर्षमा निकास भएको रकम खर्च हुन | √ | √ | √ |

## अनुसूची २

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

| राजस्व संकेत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय |
| | | नसकी फिर्ता भएको रकम यसमा समावेश गरिन्छ। जस्तै पेश्कि फिर्ता, नियोगको निकासा फिर्ता, नगदी कोषबाट फिर्ता भएको रकम | | | |
| १५११३ | अनुदान फिर्ता | गत आर्थिक वर्षमा निकास भएको अनुदान रकम खर्च हुन नसकी वा अन्य कारणले फिर्ता भएको रकम यसमा समावेश गरिन्छ। | √ | √ | √ |

### स्थानीय कर सम्बन्धी प्रस्तुती



# अनुसूची २

## (दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)

# करको परिचय

- कर राज्यलाई तिर्नु पर्ने अनिवार्य दायित्व हो (Compulsory Payment to State)
- करले नागरिक बाट राज्यमा स्रोतको हस्तान्तरण गर्दछ (Transfer of Resources from Citizens to State)
- शान्ती सुरक्षा र अमनचयन बोकेको परम्परागत राज्यको भूमिका विकास र सामाजिक न्यायमा समेत विस्तार भएकाले करको महत्व झन बढ्न गएको छ (Taxes for Developmental State)
- अन्तरास्ट्रिय मुद्रा कोषका अनुसार Tax to GDP Ratio १२.७५ भन्दा कम भएमा आर्थिक बृद्धिलाई समेत नकारात्क असर पार्दछ( Low tax-to GDP may impair economic growth)
- कर आर्थिक-सामाजिक रुपान्तरणको साधन हो जसमा प्रभावकारी र विवेकपूर्ण व्यवस्थापन जरुरी हुने गर्दछ ( Resources for socio-economic transformation)

- In this world, nothing can be said to be certain except death and taxes- Benjamin Franklin (1789)



# Tax to GDP Ratio

- मुलुकको विकासको स्तर बढेसँगै यो अनुपात पनि बढ्दछ
- अन्तरास्ट्रिय मुद्रा कोषका अनुसार यो अनुपात १५ प्रतिशत नाघेमा आर्थिक विकासको स्तर समेत बढ्न थाल्दछ।
- यो अनुपात १२.७५ प्रतिशत भन्दा घटी भएमा आर्थिक बृद्धिलाई नै असर गर्दछ।

- Tax to GDP अनुपात बढाउन कुरा
  - सुशासनको अवस्था( Governance)
  - कर नीति ( Tax Policy Design)
  - कर प्रशासन (Tax Administration)

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**






**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

# करको तहगत सरकार बीच बाँडफाँट सम्बन्धी सिद्धान्त र करको सिद्धान्त

कर अधिकारको बाँडफाँट

- समस्टिगत आर्थिक स्थायित्वलाई प्रभाव पार्ने कर - केन्द्र
- आयको समतामूलक वितरणलाई प्रभाव पार्ने कर - केन्द्र
- स्थिर (Immobile) प्रकृतिका र बाह्य नकारात्मक प्रभाव नपार्ने कर- स्थानीय

## करको दुई वटा सिद्धान्त

करको तिर्न सक्ने क्षमताको सिद्धान्त ( Ability to Pay Principle




करको लाभको सिद्धान्त ( Benefit Principle)



# स्थानीय तहका एकल तथा साझा कर अधिकार

| संविधान बमोजिम स्थानीय तहको एकल तथा साझा कर तथा गैर अधिकारको सूची | |
|---|---|
| एकल अधिकार | साझा अधिकार |
| सम्पत्ती कर, घर बहाल कर, सेवा शुल्क दस्तुर, भूमिकर (मालपोत), दन्ड जरिवाना, पर्यटन शुल्क | विज्ञापन कर, मनोरञ्जन कर, घर जग्गा रजिस्ट्रेशन शुल्क, सवारी साधन कर |

| कर | दरको निर्धारण र नीति नियम निर्माण | कर उठाउने | करको बाँडफाँट (प्रतिशत) | |
|---|---|---|---|---|
| | | | प्रदेश | स्थानीय तह |
| घर जग्गा रजिस्ट्रेसन शुल्क | प्रदेश सरकार | सम्बन्धित स्थानीय तह | ४० | ६० |
| मनोरञ्जन कर | प्रदेश सरकार | सम्बन्धित स्थानीय तह | ४० | ६० |
| विज्ञापन कर | स्थानीय तह | सम्बन्धित स्थानीय तह | ४० | ६० |
| सवारी साधन कर | प्रदेश सरकार | प्रदेश सरकार | ६० | ४० |

१) स्थानीय तहहरूले प्राप्त गर्ने सवारी साधन करको बाँडफाँट राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा हुने गर्दछ।
२) टाँगा, रिक्सा, अटो रिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर पालिकाले लगाउने र उठाउने गर्दछन्। यो कर भने प्रदेशलाई बाँडफाँट गर्नु पर्दैन।

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

# स्थानीय तहका एकल कर अधिकार

| स्थानीय तहको एकल कर अधिकार | |
|---|---|
| कर तथा गैर कर अधिकार | विवरण |
| कवाडी कर | गाउँपालिका तथा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले कवाडी माल वा त्यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरेबापत गाउँपालिका वा नगरपालिकाले लगाउने कर |
| घर जग्गा बहाल कर | गाउँपालिका तथा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो बहाल रकममा लगाउने कर |
| जडीबुटी कर | गाउँपालिका तथा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडीबुटी, बनकस वा त्यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरेबापत गाउँपालिका वा नगरपालिकाले लगाउने कर |
| जीवजन्तु कर | गाउँपालिका तथा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला वा त्यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरेबापत गाउँपालिका वा नगरपालिकाले लगाउने कर |
| भूमि कर | गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगको आधारमा लगाउने कर |
| व्यवसाय कर | गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी वा आर्थिक कारोबारको आधारमा लगाउने कर |
| सम्पत्ती कर | घर र घरले चर्चेको जग (प्लिन्थ एरिया)को अधिकतम दुई गुणा बढी जग्गामा लाग्ने कर |
| बहाल बिटौरी शुल्क | गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख, वा सञ्चालन गरेको हाटबजार वा पसल वा सरकारी जग्गामा बनेको संरचनाको उपयोगबापत लगाउने बहाल शुल्क |
| पार्किंग शुल्क | गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किंग सेवा उपलब्ध गराएबापत लगाउने शुल्क |

# स्थानीय तहको एकल कर अधिकार

## अनुसूची २

### (दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)

# ब्यवसाय कर

## व्यवसाय कर

- स्थानीय सरकारले आफ्नो भौगोलिक क्षेत्रभित्र व्यापार, व्यवसाय र सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा लगाउने करलाई व्यवसाय कर भनिन्छ।
- कसलाई कुन दरको कर लगाउने भन्ने विषय सो व्यापार, व्यवसाय र सेवामा गरिने पुँजीगत लगानी र कारोवारको आकारमा निर्धारण हुने गर्दछ।
- व्यवसाय करको रकम निर्धारण गर्दा यसको आकार (Stock) वा यसको आर्थिक कारोवार (Flow) वा दुबैका आधारमा गरिन्छ।

## व्यवसाय करको अभ्यास

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगानउनेछ भन्ने व्यवस्था गरिएको छ।
- माथिको व्यवस्था अनुसार स्थानीय तहहरूले व्यवसायको Stock र Flow दुवैलाई आधार मानी यो करको दर निर्धारण गर्न सक्दछन्। यस्तो दर गाउँ सभा वा नगर सभाबाट पारित गर्नु पर्ने हुन्छ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ बमोजिम स्थानीय तहले कानून बमोजिम मात्र कर लगाउन वा उठाउन सक्दछन्।
- माथिको प्रावधान अनुसार आफ्नो सभाबाट आर्थिक ऐन पारित गरेर मात्र करहरू लगाउन र उठाउन सकिन्छ। तर यसरी कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु सेवाको ओसार पसार, पुँजी तथा स्रम बजार आदिलाई समेत आधार मान्नु पर्ने व्यवस्था यस ऐनमा गरिएको छ।

# सम्पत्ती कर

## सम्पत्ती कर

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्र भित्र बनेको घर र सो घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गामा लगाउने करलाई सम्पत्ती कर भनिन्छ।
- सम्पत्ती करको दायरमा (क) भवन संरचना, (ख) भवनको जग बसेको जग्गा (Plinth Area) र (ग) अधिकतम सो जगको जमिनको क्षेत्रफल बराबरको थप जग्गा आउने गर्दछ।
- यदि कसैको १० आना घडेरी छ र उसले ३ आना ओगटी दुइ तले भवन निर्माण गरेमा उसको (क) दुई तले भवन (ख) ३ आना जग बसेको जग्गा र (ग) जग बराबरको थप ३ आना जग्गा गरी घर र कूल ६ आना जग्गामा प्रचलित कानून बमोजिम सम्पत्ती कर तिर्नु पर्छ।

## सम्पत्ती करको मूल्याङ्कनका आधारहरुः

- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ५५ (३) ले घर र घर जग्गाको करको दर निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिक स्तर र कर तिर्न सक्ने क्षमताको आधारमा गर्नु पर्नेछ भनी करको विवेकपूर्ण अभ्यासको लागि दिशानिर्देश गरेको छ।
- यसै गरी घर र घरजग्गाको मूल्याङ्कन गर्दा (क)घर र घर जग्गाको आकार, प्रकार र बनौटको अवस्था (ख)घर र घर जग्गाको चलन चल्तिको मूल्य (ग)घर र घर जग्गाको व्यापारिक र आवासीय उपयोगको अवस्था (ग) घर र घर जग्गाको ह्रास मूल्यलाई आधार लिनु पर्ने व्यवस्था उक्त ऐनमा गरिएको छ

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

# सम्पत्ती कर

**सम्पत्ती करको छुट हुने क्षेत्रहरुः**

- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ५५ (५) र ६३ ले देहायको घर र घर जग्गमा सम्पत्ती कर नलाग्ने व्यवस्था गरेको छः
  - नेपाल सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति र पालिकाहरूको स्वामित्वमा रहेको घर र जग्गा
  - सरकारी अस्पतालको घर र घरजग्गा
  - गुठीको स्वामित्वमा रहेको घर र जग्गा
  - मुनाफाको उदेश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधीकरण,बोर्ड, र सरकारी संस्थानको घर र जग्गा
  - मुनाफाको उदेश्य नराखी सञ्चालन भएका संघ संस्थाको घर र घरजग्गा
  - धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र घरजग्गा
  - खानेपानी सङ्कलन पोखरी, विधुत् गृह, मसानघाट, कब्रिस्तान, कर्बला, मजार, बिमानस्थल, बसपार्क, रङशाला, उद्यान,पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू
  - राजदूतावास, वाणिज्य नियोग,कूटनीतिक नियोगका घर र घरजग्गा

**सम्पत्ती कर सम्बन्धी छुट**

- पालिकाहरूले तोकेको अवधिभित्र सामूहिक आवास, वा संयुक्त आवास अन्तर्गत निर्माण भएका आवास बिक्री नभई बाँकी रहेको स्टकमा सम्पत्ती कर लाग्ने छैन।तर त्यसरी बिक्री नभएको स्टकको कुनै पनि प्रकारले उपयोग भएकोमा त्यस्तो स्टकमा भने कर लाग्नेछ।
- नेपाल सरकार, प्रदेश सरकार, पालिकाहरूको स्वीकृति लिई निर्माण भएको संयुक्त आवास वा सामुहिक आवासको सामूहिक उपभोगमा रहने बेसमेन्ट बगैंचा, पार्किंग तथा सडक क्षेत्रमा सम्पत्ती कर लगाउन पाईने छैन।



नेपाल सरकार, प्रदेश सरकार, पालिकाहरूको स्वीकृति लिई निर्माण भएको संयुक्त आवास वा सामुहिक आवासको सामुहिक उपभोगमा रहने बेसमेन्ट बगैंचा, पार्किंग तथा सडक क्षेत्रमा सम्पत्ती कर लगाउन पाईने छैन।

# घर जग्गा बहाल कर

## घर जग्गा बहाल कर

- गाउँपालिका तथा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा त्यस्तो बहाल रकममा लगाईने करलाई घर जग्गा बहाल कर भन्ने गरिन्छ।
- नेपालको संविधानको संविधानको अनुसूची-८ ले घर बहाल करलाई स्थानीय तहको एकल करको रूपमा सूचीकृत गरेको छ।
- यस्तो करको आधार निर्धारण गर्ने, यसको दर तोक्ने, यसको खर्च गर्ने र यसबाट प्राप्त आय बचत भएमा अर्को वर्षमा सारी खर्च गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ।

## घर जग्गा बहाल कर

- घर जग्गा बहाल कर स्थानीय कर हो। यो करको बाह्य प्रभाव ( Externality) नगण्य हुने गर्दछ। एक पालिकाको यो कर व्यवहारको असर अन्य पालिकाका जनतालाई पर्ने गर्दैन।
- यो कर आयको स्रोत अर्को स्थानमा सार्न (Move) पनि सकिन्न। यसैले यो कर पालिकाहरूको लागि नियमित र भरपर्दो स्रोत हो। तर यो करको सम्भाव्यता सबै स्थानमा समानरूपमा पाईन्न।
- यो कर र आर्थिक क्रियाकलापको बीचमा सिधा सम्बन्ध रहने गर्दछ। यसै गरी सार्वजनिक चहल पहल, सार्वजनिक सेवाको उपस्थिति र सार्वजनिक निकायको उपस्थितिले पनि यो करको स्रोत बढाईदिन्छ।

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

# बहाल कर

## २०७४ चैत १२ गते सोमबारको दिन बसेको मन्त्रीपरिषदको बैठकले बहाल करमा गरेको निर्णय

- आ-आफ्नो क्षेत्राधिकार भित्रका प्राकृतिक व्यक्तिले आर्जन गर्ने घर बहाल आयमा लाग्ने घर बहाल कर नेपालको संविधान, अन्तर सरकारी वित्त व्यिस्थापन ऐन, २०७४ र प्रचलित कानूनको अधिनमा रही सम्बन्धित स्थानीय तहले सङ्कलन गर्ने र आन्तरिक राजस्व कार्यालयले भाडा बापतको आयमा आयकर सङ्कलन नगर्ने।
- स्थानीय तहलाई घर बहाल तिरेका प्राकृतिक व्यक्तिहरूले आर्जन गरेको घर बहाल आयमा नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने चालु आर्थिक वर्ष २०७४/०७५ को आयकर आर्थिक ऐन, २०७४ को दफा १९ बमोजिम छुट दिने।
- घर बहाल कर स्थानीय तहले सङ्कलन गर्ने हुँदा विगत वर्षको लगत समेत आन्तरिक राजस्व कार्यालयले कर दाताको स्थायी ठेगाना रहेको स्थानीय तहमा हस्तान्तरण गर्ने।
- घर बहाल कर सङ्कलन गर्ने निकायले नै कर तिर्नेको आय प्रमाणित गर्ने।

### बहाल करको प्रशासन

| कार्य | विवरण |
|---|---|
| घर जग्गा बहाल करसम्बन्धी ऐन जारी | पालिकाको सभाबाट बहाल करसम्बन्धी ऐन जारी गर्नु पर्छ। नेपालमा कतिपय पालिकाहरूले यसको शुरुवात गरिसकेका छन्। उदाहरणका लागि ईटहरी उपमहानगरपालिकाको मिति २०७५ चैत्र ६ को नगरसभाले घर जग्गा बहाल कर ऐन, २०७५ पारित गरेको छ। यसैगरी बिरेन्द्रनगर नगरपालिकाले घर बहाल कर कार्यविधि, २०७५ कार्यन्वयनमा ल्याएको छ। यसै गरी धनकुटा नगरपालिकाले बहाल कर निर्देशिका, २०७५ लाई क्रियाशील बनाएको छ। |
| कर दाताको नक्साङ्कन | आफ्नो पालिका क्षेत्रमा प्राकृतिक व्यक्तिको कुन कुन घर के कति बहालमा छन् र के कति दरमा लगाएका छन् भनी यसको वडा कार्यालय र टोल विकास संस्थाको सहयोगमा नक्साङ्कन गर्ने। |
| स्थानीय राजस्व परामर्श समितिबाट करको दरको सिफारिस | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ६५ को प्रावधान अनुरूप पालिकाहरूले आफ्नो उपाधक्ष्य वा उप-प्रमुखको संयोजकत्वमा एक राजस्व परामर्श समिति गठन गरी समितिबाट आगामी आर्थिक वर्षलाई बहाल करको दर सिफारिस गर्नु पर्छ। |
| बहाल करको प्रक्षेपण | पालिकाले बहाल करको सम्वन्धमा गत विगतमा उठेको रकम तथा बहाल करको स्रोत नक्साको आधारमा आगामी आर्थिक वर्षमा उठन सक्ने बहाल करको प्रक्षेपण गर्नु पर्छ। प्राविधिक रूपमा यसको नेतृत्व पालिकाको राजस्व हेर्ने शाखा वा महाशाखाबाट गर्नु पर्छ र यसको छलफल स्थानीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट गरिनु पर्छ। |
| बहाल करको दर पारित | पालिकाले आफ्नो सभाबबाट आगामी आर्थिक वर्षमा लगाउने बहाल करको दर आर्थिक ऐनमा समावेश गरी पारित गर्नु पर्छ। |
| बहाल करको स्वःघोषणा | पालिकाहरूले बहाल करदाताहरूलाई टोल विकास संस्था तथा वडा कार्यलयको सहयोगमा स्वःघोषणाको माध्यमबाट बहाल कर तिर्न प्रोत्साहन गर्दा उपयुक्त नै हुने गर्दछ। |
| बहाल कर उठाउने | घर जग्गा बहाल कर सम्बन्धी ऐन तथा सभाबाट पारित आर्थिक ऐनको परिधिभित्र रही घर जग्गा बहाल कर उठाउनु पर्छ। |

# मालपोत

## मालपोत

- मालपोत एक परम्परागत कर हो। सामान्य अर्थमा भन्नु पर्दा मालपोत भनेको जग्गावालाले प्रचलित कानून बमोजिम स्थानीय तहलाई तिर्नु पर्ने कर वा सो सरहको तिरोलाई बुझाउने गर्दछ।
- प्रचलित कानून बमोजिम म्यादभित्र मालपोत नतिरेबापत लाग्ने शुल्कलाई पनि मालपोत नै भन्ने गरिन्छ।
- मालपोत बापतको जरिवाना रकम पनि यसैमा शिर्षकमा आम्दानी बाँध्नु पर्छ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पालिकाहरूले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगको आधामा लगाउने करलाई मालपोत भनेको छ।
- हाल मालपोतलाई भूमिकर पनि भन्ने गरिन्छ।

## मालपोत

- स्थानीय सरकार सन्चलान ऐन, २०७४ को दफा ५६ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगको आधारमा भूमिकर मालपोत) लगाउने छन् तर सम्पत्ती कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाईने छैन भन्ने प्रावधान राखेको छ।
- सम्पत्ती कर लगाउँदा घर र अधिकतम घरको प्लिन्थ र सो बराबरको जग्गामा लगाउनु पर्ने र बाँकी रहेको जग्गामा मात्र मालपोत लगाउने कानूनि व्यवस्था रहेको छ। अर्थात् घर रहेको कित्ताको हकमा सम्पत्ती कर लागेर बाँकी रहेको जग्गामा मात्र मालपोत लगाउनु पर्छ।

## अनुसूची २

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

# एकल अधिकार

- **जडीबुटी, कवाडी जीवजवन्तु करः** गाउँपालिका तथा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस (खर), कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे वापत गाउँपालिका तथा नगरपालिकाले जडीबुटी, कवाडी तथा जीवजन्तु कर लगाउने ।
- **सेवा शुल्कः** गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ, कायाकिङ्ग क्यानोनिङ्ग, बञ्जीजम्प, जिपप्लायर, र्‍याफ्टिंग, प्याराग्लाइडिंग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने

## एकल अधिकार क्षेत्रका अन्य स्रोतहरू

१. **बहाल बिटौरी शूल्कः** गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल बिटौरी शुल्क लगाउने ।

२. **पार्किंग शुल्कः** गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए बापत पार्किङ शुल्क लगाउन सक्ने ।

३. टांगा, रिक्सा अटोरिक्सा, विद्युतीय रिक्सामा लाग्ने कर

# सेवा शुल्क

१. आफैले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको देहायको कुनै सेवा उपलब्ध गराए बापत सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने
   - खानेपानी, बिजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,
   - फोहरमैला व्यवस्थापन, ढल निकास, सडक बत्ति,
   - शौचालय, पार्किङ, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, छात्राबास (होष्टेल), हाट बजार, पशु बधशाला, शवदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,
   - सडक, बस पार्क, पुल जस्ता सेवा,

   अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सम्बन्धी सेवा,
   - सिफारिस सम्बन्धी कुनै सेवा ।

२. दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर

३. घर नक्सा पास दस्तुर ।

## अनुसूची २

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

### बिक्री

**विक्री गर्न सक्ने (दफा ६२ क)**

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न सक्ने ।
- यस्तो विक्रीबाट प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**सामुदायिक वनबाट आय प्राप्त गर्ने (दफा ६२ ख)**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

### राजस्व सुधार योजना निर्माणका चरणहरू

- पहिलो चरणः राजस्व सुधार योजना निर्माणको कार्यपालिकाको बैठकबाट निर्णाय
- दोस्रो चरणः राजस्व सुधार योजनाको निर्माण सम्बन्धी प्राविधिक कार्यदलको गठन
- तेस्रो चरणः राजस्व सुधार योजनाको निर्माण परामर्श दातृ संस्थाको छनौट
- चौथो चरणः राजस्व सुधार योजना निर्माणको पूर्व तयारी कार्यशाला
- पाँचौ चरणः राजस्वको वस्तुस्थति विवरण तयार गर्ने
- छैठौं चरणः आन्तरिक आयको तथ्याङ्क सङ्कलन फारमको विकास
- सातौं चरणः तथ्याङ्क सङ्कलकको परिचालन गरी तथ्याङ्क सङ्कलन
- आठौं चरणः तथ्याङ्कको विश्लेषण
- नवौं चरणः दर रेट विश्लेषण र दर रेट प्रस्ताव
- दशौं चरणः राजस्व प्रक्षेपण
- एघारौं चरणः राजस्व सुधार योजना कार्यन्वयन कार्ययोजना
- बारौ चरणः राजस्व सुधार योजनाको प्रारम्भिक प्रतिवेदन तयार
- तेरौं चरणः राजस्व सुधार योजना सुझाव सङ्कलन कार्यशाला
- चौधौं चरणः राजस्व सुधार योजनाको अन्तिम मस्यौदा प्रतिवेदन तयार
- पन्ध्रौं चरणः राजस्व सुधार योजनाको अन्तिम प्रतिवेदन तयार

## अनुसूची २

### (दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)

# राजस्व प्रक्षेपणका विधिहरू

निः शर्त वृत्ती विश्लेषण विधि (Unconditional Trend Analysis Methods)

एक्सेलको प्रक्षेपण सूत्रमा आधारित प्रक्षेपण (Excel based forecasting method):

विगतको राजस्वको वृद्धि प्रतिशतको औसत वृद्धि दरको आधार (Moving Average Growth Rate Method)

गत आर्थिक वर्षको वृद्धि दर विधि (Last Year Growth Rate Method):

गुणात्मक वृत्ति विधिबाट बहुवर्षीय प्रक्षेपण (Multi Year Forecasting Using Multiplicative Trend):

Compound Annual Growth Rate Method: यो विधिमा देहायको सूत्र प्रयोग गरी Microsoft Excel

शर्त वृत्ती विश्लेषण विधि (Conditional Methods )

Regression Methods

Vector Auto Regression

स्थानीय आयको प्रक्षेपण विधिहरू

- सर्वेक्षण विधि (Survey Methods)

| व्यवसायको नाम | संङ्ख्या | करको प्रस्तावित दर | व्यवसाय प्रक्षेपित करको रकम |
|---|---|---|---|
| १. माबाईल फोन बिक्री पसल | १० | ५००० | ५०००० |
| १. मोटर कार बिक्री शोरूम | २ | ५०००० | १००००० |
| १. मोटरसाइकल बिक्री शोरूम | ५ | २५००० | १२५००० |
| १. साइकल बिक्री शोरुम | ३ | ३००० | ९००० |
| १. चिकित्सकको क्लिनिक | ७ | १०००० | ७०००० |
| १. कविराजको क्लिनिक | ४ | ५००० | २०००० |
| १. शैक्षिक परामर्श सेवा | ३ | ५००० | १५००० |
| १. पान पसल | ५ | २००० | १०००० |
| १. मासु विक्रेता | २ | १००० | २००० |
| जम्मा व्यवसाय कर | | | |

# Example : Forecasting




| आर्थिक वर्ष | व्यबसाय कर (रू लाखमा) | गुणात्मक वृत्ति (Multiplicative Trend) | विवरण | प्रतिशत वृद्धि |
|---|---|---|---|---|
| २०७२/७३ | १५.९० | | - | |
| २०७३/७४ | १७.९४ | १.१३ | १७.९४÷१५.९० | १३ |
| २०७४/७५ | २०.२३ | १.१३ | २०.२३÷१७.९४ | १३ |
| २०७५/७६ | २१.७५ | १.०८ | २१.७५÷२०.९३ | ०.०८ |
| २०७६/७७ | २३.०४ | १.०६ | २३.०४÷२१.७५ | ०.०६ |
| २०७७/७८ | २७.१८ | १.१८ | २७.१८÷२३.०४ | १८ |
| २०७८/७९ | २९.८२ | १.१० | २९.८२÷२७.१८ | १० |
| २०७९/८० | ३३.१३ | | | ११ |
| औसत वृद्धि दर | | १.११ | (१.१३+१.१३+१.०८+१.०६+१.१८+१.१०)/६= १.११ | |

- आर्थिक वर्ष २०७९/८० को प्रक्षेपण रकम = आ.व २०७८/७९ को व्यबसाय कर रकम × औसत प्रतिशत वृद्धि दर
  = २९.८२ × १.११
  = ३३.१३

- Step १: Calculate Miltiplicative Trend: Current Revenue/Past. Revenue
- Step २: Calculate moving average २०७३/७४- २०७८/७९
- Step ३: Forecast for २०७९/८० = २९.८२× १.११

## अनुसूची २
### (दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)

**राजस्व सुधारका लागि गरिने क्रियाकलापहरू**

- राजस्व हेर्ने संस्थागत संरचनाको स्थापना
- स्थानीय तह राजस्व परामर्श समितिको संस्थागत क्रियाशीलता
- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको संस्थागत क्रियाशीलता
- राजस्व व्यवस्थापनमा संलग्न जनशक्तिको क्षमता विकास
- स्थानीय आयका स्रोतको नक्साङ्कन र दररेट विश्लेषण
- स्थानीय आयको प्रक्षेपण
- राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन

# *स्थानीय राजस्व परामर्श समितको संरचना र जिम्मेवारीहरू*

| पदाधिकारी वा प्रतिनिधि | पद | संख्या |
|---|---|---|
| • गाउँपालिकाको हकमा उपाध्यक्ष र नगरपालिकाको हकमा उपप्रमुख | संयोजक | १ |
| • प्रमुख प्रशासकीय अधिकृत | सदस्य | १ |
| • कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य मध्येबाट एक जना महिला सहित दुई जना | सदस्य | २ |
| • निजी क्षेत्रका उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ वा नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य | १ |
| • घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको नगर वा गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य | १ |
| • कार्यपालिकाको राजस्व महाशाखा/विभाग वा शाखा प्रमुख | सदस्य-सचिव | १ |
| जम्मा | | ७ |
| नोटः स्थानीय तह राजस्व परामर्श समितिले आफ्नो बैठकको निर्णयबाट आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा अन्य सरोकारवालालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ। | | |

- राजस्व नीति र कानूनको सम्बन्धमा परामर्श
- आगामी आर्थिक वर्षका लागि राजस्व अनुमान
- कर, गैरकर, सेवा शुल्क, दस्तुरका सम्बन्धमा परामर्श
- आन्तरिक आयको विश्लेषण र प्रक्षेपण
- राजस्व प्रशासन सुधारका लागि परामर्श
- राजस्व क्षमता विकास

# अनुसूची २

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

## स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा स्थानीय राजस्व सम्बन्धी सूचकहरू

| सूचकहरू | अङ्कभार |
|---|---|
| • आगामी आर्थिक वर्षका लागि आय-व्यय प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विवरण प्रत्येक वर्षको पौष मसान्तभित्र सङघीय अर्थ मन्त्रालयमा पठाएको। | १ |
| • आफ्नो क्षेत्राधिकार भित्र रही सभाबाट पारित आर्थिक ऐन अनुसार मात्र राजस्वका दर रेट निर्धारण र राजस्वको व्यवस्थापन गरेको। | १ |
| • आफ्नो अधिकार क्षेत्रभित्र रहेका आन्तरिक स्रोतको दर र दायरा बढाउन राजश्व परामर्श समितिले आन्तरिक कार्यदल गठन गरेको र प्रमुख करहरूको नक्साङकन समेत गरी राजस्व प्रक्षेपण गरेको। | १ |
| • गत आर्थिक वर्षमा घर जग्गा रजिष्ट्रेसन शुल्क, मनोरञ्जन कर, तथा विज्ञापन करबाट उठेको रकममध्ये तोकिए बमोजिमको रकम प्रदेश सरकारको सञ्चित कोषमा जम्मा गरेको। | १ |
| • स्थानीय कानुनबमोजिम मात्र आकस्मिक कोष सञ्चालनमा ल्याएको। | १ |
| • सूचना प्रविधिको प्रयोग गरी सम्पत्ति कर, व्यवसाय कर, मालपोत, मनोरञ्जन कर, विज्ञापन कर र बहाल करको नक्साङकन गरी यसलाई सूचना प्रविधिबाट अभिलेख राखिएको। | १ |
| • करदातालाई कर सम्बन्धी सूचना वा फारामहरू निःशुल्क रूपमा उपलब्ध गराइएको । | १ |

## स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा स्थानीय राजस्व सम्बन्धी सूचकहरू

| |
|---|
| • कर, दस्तुर, सेवा शुल्कको दर रेट तथा यस सम्बन्धी प्रक्रियाहरूको अद्यावधिक विवरण करदाताले सजिलै देख्न र बुझ्न सक्ने गरी कर शाखामा र वेबसाइटमा राखिएको। |
| • (१) सबै वडाबाट कर संलकन गर्ने गरिएको ।<br>• (२) सबै वडामा नक्सा पास प्रणाली कार्यान्वियनमा ल्याएको।<br>• (अङ्क ०.५ +०.५= १) |
| • (१) गत आर्थिक वर्षमा सोभन्दा अघिल्लो आ.व.को तुलनामा कम्तीमा १० प्रतिशतले आन्तरिक आय (आफूले उठाएको रकम) वृद्धि भएको<br>• (२) करदाताको सङ्ख्या समेत हरेक वर्ष कम्तीमा १० प्रतिशतले वृद्धि भएको।<br>• (अङ्क ०.५ +०.५= १) |
| • (१) गत आ.व.मा राजस्व परामर्श समितिले गरेको राजस्व अनुमानको ९० प्रतिशतभन्दा बढी राजस्व संकलन भएको ।<br>• (२)कुल बजेटमा आन्तरिक आयको हिस्सा २० प्रतिशतभन्दा बढी रहेको।<br>• (अङ्क ०.५ +०.५= १) |
| • सङ्कलन गरेको राजश्व अर्को दिनभित्र बैङ्कमा जम्मा हुने गरेको। |
| • नदीजन्य पदार्थ र साधारण निर्वाहमुखी खनिज पदार्थको ठेक्कापट्टा लगाउँदा घाटगद्दी गरेर मात्र उक्त पदार्थको बिक्री वा निकासी हुने गरेको। |
| • (१) गत आर्थिक वर्षमा कुनै पनि राजस्व मिनाहा नदिएको ।<br>• (२) सम्झौता बमोजिमको समयमा आय ठेक्काको रकम दाखिला भएको। (अङ्क ०.५ +०.५= १) |

## अनुसूची २

### (दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)

## स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा स्थानीय राजस्व सम्बन्धी सूचकहरू

| | |
|---|---|
| • (१) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराएको। <br> • (२) सामुदायिक वनले वन पैदावारको बिक्रीबापत प्राप्त रकमको १० प्रतिशत रकम स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्ने गरेको (अङ्क ०.५ +०.५= १) | १ |
| • (१) आय ठेक्कामा बैंक ग्यारेन्टी लिएर मात्र सम्झौता भएको । <br> • (२) समयमा ठेक्का रकम दाखिला नगर्ने ठेकेदारलाई कर्वाही गरी बैंक ग्यारेन्टीको रकम खिचेर रकम असुल उपर गर्ने गरिएको (अङ्क ०.५ +०.५= १) | १ |
| • विगतमा उठाउन बाँकी कुनै बक्यौता राजस्व नरहेको । | १ |
| • आफूले उठाएको राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमसहितको कुल राजस्व रकमबाट आफ्नो सम्पूर्ण प्रशासनिक खर्च पूरा गरी बाँकी रकम विकास निर्माण कार्यमा उपयोग गरेको | १ |
| • राजस्व परिचालन गर्दा सभाबाट पारित आर्थिक ऐन बमजिम गर्ने गरेको | १ |
| • गाउँपालिका तथा नगरपालिकाले मध्यकालीन खर्च संरचना सहित विनियोजन ऐन, आर्थिक ऐन र वार्षिक बजेट तथा कार्यक्रमलाई असार १० गते भित्र सभामा पेश गरी असार मसान्तसम्ममा पारित गरेको | १ |
| • नेपाल सरकारबाट स्वीकृत भए अनुसार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) को प्रयोग गरी आन्तरिक आयको लेखा र कारोवार गर्ने गरिएको। | १ |
| • आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको ७ गते भित्र सार्वजनिक गरेको | |

## वित्तीय सुशासन जोखिममा स्थानीय राजस्व सम्बन्धी सूचकहरू

| |
|---|
| • कर, दस्तुर, सेवा शुल्कको दर रेट तथा यस सम्बन्धी प्रक्रियाहरूको अद्यावधिक विवरण करदाताले सजिलै देख्न र बुझ्न सक्ने गरी कर शाखामा र वेबसाइटमा राखिएको। |
| • (१) सबै वडाबाट कर संलकन गर्ने गरिएको । <br> • (२) सबै वडामा नक्सा पास प्रणाली कार्यान्वयनमा ल्याएको। <br> • (अङ्क ०.५ +०.५= १) |
| • (१) गत आर्थिक वर्षमा सोभन्दा अघिल्लो आ.व.को तुलनामा कम्तीमा १० प्रतिशतले आन्तरिक आय (आफूले उठाएको रकम) वृद्धि भएको <br> • (२) करदाताको सङ्ख्या समेत हरेक वर्ष कम्तीमा १० प्रतिशतले वृद्धि भएको। <br> • (अङ्क ०.५ +०.५= १) |
| • (१) गत आ.व.मा राजस्व परामर्श समितिले गरेको राजस्व अनुमानको ९० प्रतिशतभन्दा बढी राजस्व संकलन भएको । <br> • (२)कुल बजेटमा आन्तरिक आयको हिस्सा २० प्रतिशतभन्दा बढी रहेको। <br> • (अङ्क ०.५ +०.५= १) |
| • सङ्कलन गरेको राजश्व अर्को दिनभित्र बैङ्कमा जम्मा हुने गरेको। |
| • नदीजन्य पदार्थ र साधारण निर्वाहमुखी खनिज पदार्थको ठेक्कापट्टा लगाउँदा घाटगद्दी गरेर मात्र उक्त पदार्थको बिक्री वा निकासी हुने गरेको। |
| • (१) गत आर्थिक वर्षमा कुनै पनि राजस्व मिनाहा नदिएको । <br> • (२) सम्झौता बमोजिमको समयमा आय ठेक्काको रकम दाखिला भएको। <br> • (अङ्क ०.५ +०.५= १) |

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

# वित्तीय सुशासन जोखिममा स्थानीय राजस्व सम्बन्धी सूचकहरू

| | |
|---|---|
| • (१) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराएको।<br>• (२) सामुदायिक वनले वन पैदावारको बिक्रीबापत प्राप्त रकमको १० प्रतिशत रकम स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्ने गरेको<br>• (अङ्क ०.५ +०.५= १) | १ |
| • (१) आय ठेक्कामा बैंक ग्यारेन्टी लिएर मात्र सम्झौता भएको ।<br>• (२) समयमा ठेक्का रकम दाखिला नगर्ने ठेकेदारलाई कर्वाही गरी बैंक ग्यारेन्टीको रकम खिचेर रकम असुल उपर गर्ने गरिएको।<br>• (अङ्क ०.५ +०.५= १) | १ |
| • विगतमा उठाउन बाँकी कुनै बक्यौता राजस्व नरहेको । | १ |
| • आफूले उठाएको राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमसहितको कुल राजस्व रकमबाट आफ्नो सम्पूर्ण प्रशासनिक खर्च पूरा गरी बाँकी रकम विकास निर्माण कार्यमा उपयोग गरेको | १ |
| • राजस्व परिचालन गर्दा सभाबाट पारित आर्थिक ऐन बमजिम गर्ने गरेको | १ |
| • गाउँपालिका तथा नगरपालिकाले मध्यकालीन खर्च संरचना सहित बिनियोजन ऐन, आर्थिक ऐन र वार्षिक बजेट तथा कार्यक्रमलाई असार १० गते भित्र सभामा पेश गरी असार मसान्तसम्ममा पारित गरेको | १ |
| • नेपाल सरकारबाट स्वीकृत भए अनुसार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) को प्रयोग गरी आन्तरिक आयको लेखा र कारोवार गर्ने गरिएको। | १ |
| • आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको ७ गते भित्र सार्वजनिक गरेको | |

*राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आन्तरिक आय सम्बन्धमा निर्धारण गरेका कार्य सम्पादन सूचकहरू*

| सूचक | अङ्कभार |
|---|---|
| १) गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश गरेको। | ५ |
| १) गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश गरी असार मसान्तभित्र पारित गरेको। | ५ |
| १) स्थानीय तहले घर जग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन कर बापत उठेको रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गरेको। | ५ |
| १) स्थानीय तहले आगामी आर्थिक वर्षका लागि आय-व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालू आर्थिक वर्षको पुस मसान्तभित्र संघीय अर्थ मन्त्रालयमा पेश गरेको। | ५ |
| १) स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्था :<br>▪ अनुमानित राजस्व प्रक्षेपण अनुसार राजस्व सङ्कलनको अवस्था (७)<br>▪ अघिल्लो आर्थिक वर्षको तुलनामा राजस्व सङ्कलनको अवस्था (६) | १३ |
| १) महालेखानियन्त्रक कार्यालयले प्रयोगमा ल्याएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (Subnational Treasury Regulating Application, SUTRA) को प्रयोग गरी स्थानीय तहहरूले पूर्ण रूपमा गरी आवश्यक विवरण प्रविष्ट गरेको। | ५ |
| आन्तरिक आय सम्बन्धी कूल अङ्कभार | ३८ |

**अनुसूची २**

**(दफा४ तथा अनुसूची(१)को भाग(२)संग सक्बन्धित)**

## राजस्व अधिकार उपयोगमा देखिएका समस्याहरु

कूल आयमा आन्तरिक आयको योगदान न्यून रहेको,

आन्तरिक आयको दीगो स्रोतको समुचित उपयोग हुन नसक्दा नक्शा पास र सिफारिश जस्ता स्रोतमाथिको निर्भरता बढी रहेको,

आम्दानीको योजनामा भन्दा खर्चको योजनामा ध्यान दिने गरिएकोे,

राजस्व प्रशासनमा संलग्न जनशक्तिको क्षमता विकास, प्रविधिको उपयोग एवं तथ्यांक र सूचना प्रणालीको सुदृढीकरणमा जोड दिन नसकिएको,

राजश्व प्रक्षेपण पद्धति कमजोर रहेको,

- संविधान र कानूनमा व्यवस्था भएका अधिकारको पूर्ण उपयोग हुन नसकेको,
- दर निर्धारण गर्दा सेवाको लागत तथा कर तिर्नसक्ने क्षमताको विश्लेषण गर्ने नगरिएको,
- दर निर्धारण गर्दा सरोकारवालासंग पर्याप्त छलफल, संबाद, पर्याप्त गृहकार्यको कमी रहने गरेको,
- प्राकृतिक स्रोत र साझा अधिकारका विषयमा संघ र प्रदेशबाट निर्माण हुनुपर्ने कानून समयमै निर्माण हुन नसकेको,
- बाह्य वातावरण सहयोगी नदेखिएको, आदि ।

**कार्यपालिका बाट पारित मितिः-२०८१।०१।२७ गते**

**प्रमाणिकरण मिति :-२०८१।०२।०७ गते**

**आज्ञाले,**

**टेकराज पन्थी**

**प्रमुख प्रशासकीय अधिकृत**

**जनकपुरधाम उपमहानगरपालिका बाट प्रकाशित मुल्य रु. ५०।- पचास रुपैया**